# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ९४ | काठमाडौं | आइतबार, १० साउन २०८३ | Prabhab National Daily | Sunday, 26 July 2026 | www .prabhabonline .com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


## डा. केसी आइसियूमा, सरकारी टोली धनगढीमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्याग्रहमा रहेका डा. गोविन्द केसीको स्वास्थ्य अवस्था जटिल बन्दै गएपछि उनलाई धनगढीस्थित सेती प्रादेशिक अस्पतालको सघन उपचार कक्ष (आइसियू)मा भर्ना गरिएको छ। पाँच बुँदे माग राखेर कैलालीको धनगढीस्थित कृष्ण मन्दिर धर्मशालामा २४औं सत्याग्रहमा बसेका डा. केसीको ब्लड सुगर खतरनाकरूपमा घट्दै गएपछि शनिबार दिउँसो चिकित्सकको सल्लाहमा अस्पताल उनका सहयोगी डा. अमृत जैशीले बताए।

उनका अनुसार शुक्रबार राति ५६ एमजी/डिएल रहेको डा. केसीको ब्लड सुगर शनिबार बिहान ५० एमजी/डिएलमा झरेको थियो। रक्तचापमा उतारचढाव भइरहेको, मांसपेशी बाउँडिने समस्या देखिएको, बोल्नसमेत असहज भएको तथा केही समयअघि गरिएको खुट्टाको शल्यक्रियाका कारण हिँड्डुल र शौचालय जानसमेत कठिन भइरहेको डा. जैशीले बताए। सेती प्रादेशिक अस्पतालका फिजिसियन डा. जगेन्द्र दुवाल नेतृत्वको चिकित्सक टोलीले उनको उपचार गरिरहेको छ।

- सत्याग्रह थालेको तेस्रो दिनमै डा. केसीको स्वास्थ्य खराब
- मांशपेसी बाउँडिने, बोल्न असहज हुने, ब्लड सुगर घट्ने समस्या
- डा. केसी सेती प्रादेशिक अस्पतालको आइसियूमा भर्ना
- उपचारका कुनै कमी नगर्न स्वास्थ्यमन्त्री मेहेताको निर्देशन
- शिक्षामन्त्री सस्मित पोखरेलले पठाए वार्ता टोली
- डा. केसीको स्वास्थ्य अवस्था ठीक भएपछि वार्ता गरिने

सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय र चिकित्सा शिक्षा आयोगसँग सम्बन्धित नियुक्ति, निजी मेडिकल कलेजको नियमन तथा चिकित्सा शिक्षा सुधारलगायत पाँच बुँदे माग राख्दै डा. केसी बिहीबारदेखि सत्याग्रहमा बसेका हुन्। सत्याग्रहको तेस्रो दिनमै उनको स्वास्थ्य अवस्था चिन्ताजनक बनेपछि अस्पताल भर्ना गर्नुपरेको हो।

डा. केसीको स्वास्थ्य बिग्रिएपछि स्वास्थ्यमन्त्री निशा मेहताले उपचारमा चासो देखाएकी छन्। उनले सेती प्रादेशिक अस्पतालका प्रमुख चिकित्सा अधिकृत डा. हेमराज पाण्डेसँग संवाद गरी उपचारमा कुनै कमी हुन नदिन निर्देशन दिएकी छन्। मन्त्रालयका प्रमुख सल्लाहकार डा. मनोहर प्रधानले पनि अस्पताल प्रशासनसँग समन्वय गर्दै उपचार प्रक्रिया र आवश्यक व्यवस्थापनबारे जानकारी लिएका छन्।

चिकित्सकको सुझावका आधारमा आवश्यक परे थप उपचारका लागि वैकल्पिक व्यवस्था गर्नसमेत तयारी गरिएको मन्त्रालयले जनाएको छ।

क्रमशः पृष्ठ २ मा

# एमाले–नेकपाबीच प्रदेश भागबण्डामा सहमति

### कोशी, बागमती र लुम्बिनीमा एमाले तथा कर्णाली र सुदूरपश्चिम नेकपाले सरकारको नेतृत्व गर्ने

- पाँच प्रदेशमा संयुक्त सरकार गठन गर्न एमाले अध्यक्ष केपी ओली र नेकपा अध्यक्ष पुष्पकमल दाहालले गरे तीनबुँदे सहमतिमा हस्ताक्षर
- मधेस र गण्डकीबारे अन्य दलसँग परामर्श गरिने
- कम्युनिस्ट सरकार गठन गर्न बागमती र गण्डकीमा सकस
- नेकपासँगको सहमतिसँगै भत्कियो एमाले-कांग्रेस गठबन्धन



■ जेबी योञ्जन

**काठमाडौं–** नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पाँच प्रदेशमा सरकार सञ्चालनका लागि भागबण्डासहितको सहमति गरेका छन्। शनिबार एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहालले संयुक्त सरकार गठन गर्न तीनबुँदे लिखित समझदारीमा हस्ताक्षर गरेका हुन्।

ओली र दाहालको समझदारीसँगै २०८१ को साउनपछि बल्ल कम्युनिस्ट सरकार प्रदेशहरूमा गठन हुने भएको हो। सोही वर्षको १७ असारमा कांग्रेस र एमालेबीच भएको सात बुँदे समझदारीका आधारमा दुई दलीय गठबन्धन सरकार बनेको थियो। तर, हालै गठबन्धन सरकार भत्कियो।

यसपछि कांग्रेसलाई अलग राखेर दुई कम्युनिस्ट दलले संयुक्त सरकार गठन गर्न लागेका हुन्। समझदारीपत्रमा कांग्रेस र एमालेबीच प्रदेशहरूमा बजेट निर्माणमा भएको असहजता, बजेटविहीनताको अवस्था र अस्वस्थ राजनीतिक प्रतिस्पर्धाका कारण एमाले र नेकपाले सत्ता सहकार्य गर्नुपरेको उल्लेख छ।

ओली र दाहालले हस्ताक्षर गरेको समझदारीपत्रमा दुई कम्युनिस्ट दलबीच सहकार्य गर्नुको उद्देश्यबारे उल्लेख छ, 'जनताको चाहनाअनुरूप राजनीतिक स्थिरता, सुशासन, समृद्धि र प्रादेशिक विकासको गतिलाई तीव्र तुल्याउन।' दाहालले शुक्रबारमात्रै नेकपालाई सत्ताको मोह नभएको बताएका थिए। भोलिपल्टै कोशी, बागमती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एमाले सम्मिलित संयुक्त सरकार गठन गर्न राजी भए।

नेकपा नेता लिलामणि पोखरेलले प्रभावसँग भने, 'अहिलेको आवश्यकता सम्पूर्ण वाम शक्तिहरू एक ठाउँमा आउनुपर्ने अवस्था छ र त्यो आवश्यकतालाई बोध गरेर एमालेसँग सत्ता सहकार्य गर्दै एकतासम्मको ढोका खोल्नेगरी समझदारी भयो।'

समझदारीअनुसार एमालेले कोशी, बागमती र लुम्बिनीमा सरकार गठन गर्ने भएको छ। हाल कोशीमा एमालेका हिक्मत कार्की र लुम्बिनीमा चेतनारायण आचार्य मुख्यमन्त्री छन्। बागमतीमा भने कांग्रेसका इन्द्र बानियाँ मुख्यमन्त्री छन्।

नेकपाले पाएको कर्णालीमा एमाले नेता यामलाल कँडेल मुख्यमन्त्री थिए। उनले शनिबार पदबाट राजीनामा दिए। यससँगै त्यहाँ नेकपाको नेतृत्वमा सरकार गठनको बाटो खुला भएको छ। त्यस्तै सुदूरपश्चिम प्रदेश सरकारमा कांग्रेसका कमलबहादुर शाह मुख्यमन्त्री छन्। एमाले नेता लेखराज भट्टका अनुसार सहमति भइसकेका प्रदेशहरूमा यही साता सरकार गठन भइसक्ने छ। 'जहाँ-जहाँ एमाले र नेकपाले सरकार गठन गर्ने समझदारी भएको छ, त्यसअनुसार यसै सातामा सरकार गठन भइसक्छ, अब हामी त्यसतर्फ उन्मुख छौं,' उनले भने।

संसदीय अंकगणितलाई आधार मान्दा ९२ सदस्यीय संसद्मा ४७ जना सांसद चाहिन्छ। एमालेका ४० जना र नेकपाका १७ जना गर्दा दुई दलको सांसद संख्या ५७ पुग्छ। यो भनेको त्यहाँ सरकार गठन स्पष्ट बहुमत छ।

एमालेले सरकार गठन गर्ने भनेको बागमतीमा भने दुई दलको बहुमत पुग्दैन। १०४ सदस्यीय प्रदेश संसद्मा ५३ जना सांसद चाहिन्छ। नेकपाका २६ र एमालेका २५ जना गरी ५१ जना सांसद छन्। सरकार गठन गर्न दुई जना सांसद अपुग छ। त्यहाँ राप्रपाका सात जना, नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का तीन जना र हाम्रो नेपाली पार्टीका दुई जना सांसद छन्। स्रोतको दाबीमा हाम्रो नेपाली पार्टीलाई सत्ता सहकार्यका लागि दुई दलले फकाइरहेका छन्। तर, उक्त पार्टीले यो समाचार तयार पार्दासम्म निर्णय गरिसकेको छैन।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## विज्ञ टोलीमार्फत विदेशी श्रमिकको संख्या निर्धारण गर्ने तयारीमा जापान सरकार

■ प्रभाव संवाददाता



**काठमाडौं–** जापान सरकारले मुलुक भित्रने विदेशी श्रमिकको संख्या निर्धारण गर्न विशेषज्ञ टोली गठन गर्ने भएको छ। सरकारले शुक्रबार यसै महिनाभित्र विज्ञ टोली गठन गरिसक्ने निर्णय गरेको जनाइएको छ।

यो कदम प्रधानमन्त्री साने ताकाइचीको विशेष नीति भएको जापानी समाचार संस्था एनएचकेले उल्लेख गरेको छ। जसअनुसार विदेशी श्रमिकको संख्यात्मक व्यवस्थापन र त्यसको उपायका साथै चालु आर्थिक वर्षभित्र 'जनसंख्या रणनीति' तयार गर्ने योजना बनाएको समाचारमा उल्लेख छ। यसका लागि त्यहाँका आर्थिक सुरक्षामन्त्री किमी ओनोडाले विशेष नियमहरूको अध्ययन गर्ने भनिएको छ। उनी 'विदेशी नागरिकसँग सुव्यवस्थित र सुसंगत सहअस्तित्व भएको समाज'को जिम्मेवारी सम्हाल्ने मन्त्रीसमेत रहेका छन्।

गत जनवरीमा जापान सरकारले विदेशी श्रमिकका लागि स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्ल्यू)को बसोबास स्थिति र टेक्निकल इन्टर्न ट्रेनिङ प्रोग्राम प्रतिस्थापन गर्न बनेको नयाँ प्रणाली इम्प्लोइमेन्ट फर स्किल डेभलपमेन्टका लागि आर्थिक वर्ष २०२८ सम्म एकमुष्ठरूपमा १२ लाख श्रमिक प्रवेश गर्न पाउने सीमा तय गरेको थियो। तर कुन वर्षमा कति श्रमिक लैजाने र विद्यार्थी तथा प्रशिक्षणजस्ता स्थितिमा हुनेहरूका लागि प्रवेश सीमा तय गरेको थिएन।

सरकारी टोली मुख्यगरी अन्य आवास स्थिति र क्षेत्रगत श्रमिकको सीमा तोक्ने विषयमा केन्द्रित हुने अपेक्षा गरिएको छ। यसले पहिले नै जापानमा बसोबास गरिरहेका विदेशी नागरिक र उनीहरूसँग आउने परिवारका सदस्यलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा पनि छलफल गर्ने समाचारमा भनिएको छ।

समाचारका अनुसार जन्मदर घट्दै गइसकेको र वृद्ध जनसंख्या बढ्दै गएको अवस्थामा जापानले दिन प्रतिदिन गम्भीर श्रम अभावको सामना गरिरहेको छ। ऐतिहासिकरूपमा कमजोर जापानी येनका कारण विदेशी श्रमिकहरू अन्य मुलुकमा रोजगारी खोज्ने परिपाटी पनि देखापर्न थालेको छ। लिबरल डेमोक्रयाटिक पार्टीका धेरै सांसद तथा व्यवसायीहरूले नियमहरूमा कडाइ गर्नु समझदारीपूर्ण नहुने बताउँदै आएका छन्। यसलाई ध्यानमा राख्दै सरकारले नियमहरूका विषयमा सावधानीपूर्वक निर्णय लिने योजना बनाएको छ।

जापान जाने श्रमिकले सीप र भाषा सिक्न आवश्यक छ।

क्रमशः पृष्ठ २ मा

## भारतमा शिक्षामन्त्रीको राजीनामापछि सिजेपीको आन्दोलन स्थगित

- सबै माग सम्बोधन भएको भन्दै सिजेपीद्वारा आन्दोलन स्थगनको घोषणा
- आन्दोलनमा सहभागीहरूलाई घर फर्कन आह्वान
- विद्यार्थीहरूको हित र देशको एकता कायम राख्न आफूले राजीनामा दिएको शिक्षामन्त्री प्रधानको दाबी



■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतमा चिकित्सा शिक्षाको प्रवेश परीक्षा (निट-युजी) प्रश्नपत्र बाहिरिएको विषयलाई लिएर चर्किएको आन्दोलनले राजनीतिक मोड लिएपछि संघीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले पदबाट राजीनामा दिएका छन्। शनिबार उनले प्रधानमन्त्री नरेन्द्र मोदीसमक्ष आफ्नो राजीनामापत्र बुझाएका हुन्।

राजीनामापत्रमा प्रधानले विद्यार्थीहरूको हित र देशको एकता कायम राख्न आफूले राजीनामा दिएको उल्लेख गरेका छन्। उनले भनेका छन्, 'देशका युवा भ्रमको जालमा नफसून्, गैरराष्ट्रिय तत्त्वहरूले स्थितिबाट फाइदा नउठाऊन् र कुनै पनि प्रतिभाशाली विद्यार्थीको भविष्य कानुनी उल्झनमा नपरोस् भन्नका लागि मैले पदबाट हट्ने निर्णय गरेको हुँ।'

शिक्षामन्त्री प्रधानले गत मे ३ मा भएको निट-युजी परीक्षामा अनियमितता भेटिएलगत्तै सरकारले सिबिआई छानबिन सुरु गरेको, परीक्षा रद्द गरी पुनः जुन २१ मा सफलतापूर्वक परीक्षा सञ्चालन गरेको दाबी गरे। आगामी वर्षदेखि निट परीक्षा कम्प्युटरमा आधारित (सिबिटी) मोडलमा गरिने निर्णय भइसकेको पनि उनले जानकारी गराए।

क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# बस्ती हटाइएका बागमती किनारमा खुला पार्क, हरित क्षेत्र र पदमार्ग निर्माण गरिने

**काठमाडौं–** बागमती नदी किनारबाट हटाइएका अव्यवस्थित बसोबास भएका क्षेत्रलाई खुला सार्वजनिक क्षेत्रका रूपमा विकास गरिने भएको छ। ती क्षेत्रमा हरित क्षेत्र, खेलमैदान, पदमार्ग (वाकिङ ट्रेल) तथा नदी पुनर्जीवनसँग सम्बन्धित पूर्वाधार निर्माण गरिने सरकारको योजना छ।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले हटाइएका बस्ती रहेका स्थानमा स्थायी कंक्रिट संरचना निर्माण नगरी सबै नागरिकले सहजरूपमा उपयोग गर्न सक्ने खुला क्षेत्रका रूपमा विकास गरिने जनाएको छ । समितिका आयोजना निर्देशक मचाकाजी महर्जनले नदीको प्राकृतिक बहाव संरक्षण, बाढी व्यवस्थापनलाई प्रभावकारी बनाउने तथा सार्वजनिक प्रयोगका खुला क्षेत्र विकास गर्ने उद्देश्यले छुट्टै गुरुयोजना तयार भइरहेको जानकारी दिए । उनका अनुसार उक्त गुरुयोजना अन्य विद्यमान सहरी योजनासँग तालमेल हुनेगरी तयार पारिँदै छ।

उनले भने, 'हामी सबै नागरिकको पहुँच हुने खुला सार्वजनिक क्षेत्र निर्माण गर्दै छौं। यहाँ पदमार्ग, हरित क्षेत्र र खुला मनोरञ्जनस्थल बन्ने छन्, तर स्थायी कंक्रिट भवन निर्माण गरिने छैन ।' महर्जनका अनुसार नदी व्यवस्थापनको उद्देश्य नदीलाई पर्खालभित्र सीमित गर्नु नभई प्राकृतिक बहावका लागि पर्याप्त खुला क्षेत्र सुरक्षित गर्नु हो। अत्यधिक वर्षा वा बाढीका बेला नदी सहजरूपमा फैलिन सक्नेगरी खुला पार्क र हरित क्षेत्र विकास गरिने उनले बताए।

समितिका कार्यकारी समिति अध्यक्ष डा. आनन्दसिंह भाटले बागमतीलाई बाढी नियन्त्रण, सरसफाइ र हरियालीसँग जोडिएको सार्वजनिक खुला क्षेत्रका रूपमा विकास गरिने बताए। उनले भविष्यमा बागमती किनारमा हरियाली, खुला खेलमैदान र नागरिकमैत्री वातावरण देख्न पाइने विश्वास व्यक्त गरे।

बल्खु, बंशीघाट, थापाथली, गैरीगाउँ, सिनामंगल र शंखमुलगायत क्षेत्रमा हटाइएका बस्तीका अधिकांश भग्नावशेष (डेब्रिस) हटाउने काम लगभग सम्पन्न भइसकेको समितिले जनाएको छ । हटाइएका डेब्रिस र माटोलाई भू-आकृतिअनुसार व्यवस्थितरूपमा मिलाएर प्रयोग गरिएको छ। महर्जनका अनुसार बंशीघाट क्षेत्रमा करिब एक मिटर जमिन पुरी घाँसे मैदान (ग्रासल्याण्ड) निर्माणका लागि तयारी गरिएको छ । त्यहाँ खेलकुदका लागि उपयुक्त खुला क्षेत्र विकास गर्नुका साथै वृक्षरोपण गरिने छ । आगामी दिनमा फुटबल मैदान, ब्याडमिन्टन कोर्टलगायत खेलकुद पूर्वाधार निर्माण गर्ने योजना रहेको उनले बताए।

विश्व निकेतन विद्यालय नजिक प्रशोधन केन्द्र (ट्रिटमेन्ट प्लान्ट) निर्माण गर्ने योजना रहेको र बंशीघाट क्षेत्रलाई विद्यालयले खेलकुद प्रयोजनका लागि प्रयोग गर्ने समझदारीसमेत भएको समितिले जनाएको छ। बल्खु क्षेत्रमा नदीको बहाव क्षेत्र विस्तारलाई प्राथमिकता दिइने भएको छ । हाल करिब ४० मिटर चौडाइमा सीमित नदीलाई निर्धारित ८० मिटर बहाव क्षेत्रसम्म विस्तार गरी बाँकी भागमा हरित क्षेत्र, खुला पार्क तथा सार्वजनिक उपयोगका पूर्वाधार निर्माण गरिने योजना छ।

शंखमुल क्षेत्रमा खुला खेलमैदान तथा खेलकुद केन्द्र विकास गर्ने अवधारणा अघि सारिएको छ । गैरीगाउँ र सिनामंगल क्षेत्रमा हाल पाँचदेखि १० मिटर चौडाइमा रहेको नदीलाई न्यूनतम ३० मिटर चौडा बनाइने छ । त्यसपछि बाँकी क्षेत्रमा घाँसे मैदान, पार्किङ, प्रतीक्षास्थल, खुला पार्क तथा खेलकुदका संरचना निर्माण गरिने समितिले जनाएको छ।

थापाथली क्षेत्रमा नदीको बहाव क्षेत्र करिब ६० मिटर पुऱ्याइने छ । त्यसपछि करिडोर सडकलाई थापाथली अस्पतालतर्फबाट पुलमुनि हुँदै बंशीघाटसम्म निरन्तर जोड्ने योजना रहेको छ । यस क्रममा सम्पदा र स्मारक क्षेत्रमा असर नपर्ने गरी डिजाइन तयार गरिने समितिले जनाएको छ । समितिका अनुसार बल्खुमा रिटेनिङ वाल, नदी किनार व्यवस्थापन र पार्क निर्माणको काम अघि बढाइने छ। सिनामंगल क्षेत्रमा करिडोर सडक, रिभर ट्रेनिङ वाल तथा नदी व्यवस्थापनका आयोजना समानान्तररूपमा कार्यान्वयन गरिने तयारी छ।

समितिले गत आर्थिक वर्षमै गुरुयोजनाको प्रस्ताव तयार गरेको थियो । चालु आर्थिक वर्षका लागि नदी व्यवस्थापनका विभिन्न कार्यक्रमअन्तर्गत करिब दुई अर्ब रूपैयाँ बजेट विनियोजन भएको छ । सोही बजेटबाट विस्तृत डिजाइन र लागत अनुमान तयार भइरहेको छ। दसैंअघि ठेक्का सम्झौता सम्पन्न गरी निर्माण कार्य सुरु गर्ने लक्ष्य रहेको आयोजना निर्देशक महर्जनले बताए । सहरी विकास मन्त्रालयसँगको सहकार्यमा बहुवर्षीय (एमटिएफ) ढाँचाअन्तर्गत आवश्यक बजेट सुनिश्चित गरी तीन वर्षभित्र योजना कार्यान्वयन गर्ने तयारी गरिएको समितिले जनाएको छ।

सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत 'भिजन काठमाडौं-२०४० ' कार्यान्वयन सुरु गर्ने घोषणा गरेको छ । उक्त योजनाअन्तर्गत काठमाडौं उपत्यकाका नदी करिडोरमा पूर्वाधार, पार्क निर्माण, एकीकृत फोहोरमैला व्यवस्थापन, ढलमुक्त नदी अभियान तथा नदी किनारमा हरियाली प्रवर्द्धनका कार्यक्रम अघि बढाइने उल्लेख गरिएको छ। *रासस*

## तारकेश्वरमा कारभित्र जलेको अवस्थामा महिलाको शव फेला

**काठमाडौं (प्रस)–** तारकेश्वर नगरपालिका-१ चुनदेवीमा कारभित्र जलेको अवस्थामा एक महिलाको शव फेला परेको छ । तारकेश्वर नगरपालिका-९ बस्ने ४५ वर्षीया रश्मी रिजालको शव जलेको अवस्थामा भेटिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दिलीप घिमिरेले जानकारी दिए।

रिजाल शुक्रबार कार्यालय जान्छु भनी घरबाट हिँडेको र कार्यालय नपुगी बेपत्ता भएको भन्दै परिवारका सदस्यले सोही दिन खोजीका लागि प्रहरीमा निवेदन दिएका थिए। निजको खोजी गर्दै जाँदा शनिबार कारको पछाडिको सिटमा जलेको अवस्थामा शव फेला परेको उनले जानकारी दिए।

कारको भित्री भाग अधिकांश जलेको र निस्सासिएर निजको मृत्यु भएको हुनसक्ने प्रहरीको अनुमान छ । घटनाका सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ।

पृष्ठ १ बाट क्रमश:

## एमाले–नेकपाबीच...

एमालेकै भागमा परेको लुम्बिनीमा पनि सरकार गठन गर्न झिनो बहुमत एमाले र नेकपाको छ। ८३ सदस्यीय संसद्मा सरकार गठनका लागि ४२ सांसद आवश्यक हुन्छ। यी दुई दलका ठीक ४२ जना सांसद छन्। त्यसो हुनाले यहाँ पनि कम्युनिस्ट सरकार गठन गर्न एमाले र नेकपालाई सहज छ।

नेकपाले सत्ता नेतृत्वको मौका पाएको कर्णाली प्रदेशसभा ४० सदस्यीय हो । त्यहाँ २१ जना सांसद सरकार गठनका लागि पर्याप्त हुन्छ तर नेकपाका १४ जना र एमालेका १० जना गरी २४ जना सांसद छन्। यहाँ पनि नेकपाको नेतृत्वमा सहजै कम्युनिस्ट सरकार गठन हुने देखिएको छ। उता सुदूरपश्चिम प्रदेशमा ५२ जना सांसद छन् । त्यसमध्ये सरकार गठनका लागि २७ जना सांसद आवश्यक हुन्छ। नेकपासँग २२ जना र एमालेसँग ११ जना सांसद छन्। दुई दलको सांसद संख्या ३३ जना हो। त्यसो हुनाले सुदूरपश्चिम प्रदेशमा सरकार गठन गर्न एमाले र नेकपालाई टाउको दुखाइ नहुने भएको छ।

दुई दल मधेस र गण्डकी सरकारबारे अनीर्णित छन्। १०३ सदस्यीय मधेस संसद्मा सरकार गठनका लागि ५२ जना सांसद चाहिन्छ । एमालेका २४ जना र नेकपाका १५ जना सांसद छन्। दुई दलको गरी ३९ जना सांसद पुग्छ। सरकार गठन गर्न १३ जना सांसद पुग्दैन । त्यसो हुँदा उपेन्द्र यादव नेतृत्वको वाम धारकै शक्ति जनता समाजवादी पार्टी, नेपाललाई साथमा लिनुपर्ने बाध्यतामा दुई दल छन्। यो दलको २८ जना सांसद छन्। नेकपा संयोजक दाहालनिकट एक नेताका अनुसार मधेस सरकार जसपा नेपाललाई नै दिनेगरी ओली र दाहालले समझदारी नगरेका हुन् । जसपा नेपाल यदि सत्ता सहकार्यका लागि तयार नभए एमाले र नेकपाले कम्तीमा दुई दलको साथ लिनुपर्ने छ।

यस्तै, ६० सदस्यीय गण्डकी प्रदेश संसद्मा सरकार गठनका लागि ३१ सांसद चाहिन्छ। एमालेसँग २२ जना र नेकपासँग आठ जना सांसद छन्। यी दुई दलको सांसद संख्या ३० हो । एक जना सांसद सरकार गठनका लागि यी दुई दललाई अपुग हुन्छ। यहाँ एक जना स्वतन्त्र सांसद दीपक मनाङे छन्। उनको साथ पाए दुई दलले सरकार गठन गर्ने छन्। तर, यो प्रदेश कुन दलले लिने भन्ने टुंगो लागेको छैन।

■■■

## डा. केसी...

यसैबीच डा. केसीका मागका विषयमा छलफल गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय तथा शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेल नेतृत्वको एक टोली शनिबार नै धनगढी पुगेको छ । तर, वार्ता भने डा. केसीको स्वास्थ्यमा सुधार आएपछि हुने भएको छ। यसअघि शुक्रबार डा. केसीसँग शिक्षामन्त्री सस्मित पोखरेलको टेलिफोन संवाद भएको थियो । भोलिपल्टै मन्त्री पोखरेलले वार्ता टोली खटाएका हुन्।

सरकार वार्तामार्फत समाधान खोज्ने तयारीमा रहे पनि हालसम्म मागका विषयमा औपचारिक सहमति भने जुटिसकेको छैन। डा. केसीको सत्याग्रहको केन्द्रमा सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा भएका पछिल्ला नियुक्ति रहेका छन् । सरकारले गत असार ३१ गते प्रा.डा. सुनिलकुमार जोशीलाई उपकुलपति तथा डा. भीमबहादुर चन्दलाई रजिस्ट्रार नियुक्त गरेको थियो। डा. केसीले यी नियुक्ति स्वार्थको द्वन्द्व हुनेगरी गरिएको आरोप लगाएका छन् । निजी मेडिकल कलेजका सञ्चालकसँग निकट सम्बन्ध रहेका व्यक्तिलाई विश्वविद्यालयको नेतृत्वमा ल्याउँदा सार्वजनिक चिकित्सा शिक्षाको उद्देश्य नै कमजोर हुने उनको तर्क छ।

नियुक्तिपछि नै उनले विज्ञप्ति जारी गर्दै सरकारलाई निर्णय सच्याउन अल्टिमेटम दिएका थिए । सरकारले त्यसलाई बेवास्ता गरेपछि आफू सत्याग्रहमा बस्न बाध्य भएको उनको भनाइ छ । डा. केसी भन्छन्, 'निजी स्वार्थ जोडिएको व्यक्ति रजिस्ट्रार बन्दा धेरै खेल हुन सक्छ। सरकारले स्वार्थ बाझिने व्यक्तिलाई पदबाट हटाउनुपर्छ।'

सरकारको भने फरक तर्क छ। कार्यविधिले तोकेको योग्यता पूरा गरेका व्यक्तिलाई नै नियुक्त गरिएको सरकारको दाबी छ। प्रा.डा. सुनिलकुमार जोशी यसअघि पनि गेटा मेडिकल विश्वविद्यालयको नेतृत्वमा थिए । वालेन्द्र शाह नेतृत्वको सरकारले अध्यादेशमार्फत उनलाई पदमुक्त गरेको भए पनि कार्यविधि संशोधन नभएकाले पुनः उनैलाई नियुक्त गरिएको सरकारीपक्षको भनाइ छ।

डा. केसीको अर्को मुख्य असहमति गेटामा चिकित्सा शिक्षा सञ्चालन गर्ने सरकारी तयारीसँग पनि जोडिएको छ। सरकारले चालु आर्थिक वर्षदेखि नै चिकित्सा शिक्षा सुरु गर्ने तयारी गरिरहेको छ। तर, डा. केसी ३०० शयाको अस्पताल पूर्ण क्षमतामा कम्तीमा तीन वर्ष सञ्चालन नभई चिकित्सा शिक्षा सुरु गर्नु गलत हुने बताउँछन्। उनका अनुसार पर्याप्त बिरामी, पूर्वाधार र शैक्षिक वातावरणविना एमबिबिएसलगायतका कार्यक्रम सञ्चालन गर्दा गुणस्तरीय चिकित्सक उत्पादन हुन सक्दैन।

डा. केसीले चिकित्सा शिक्षा आयोगमार्फत निजी मेडिकल कलेजमा छात्रवृत्ति कटौती गर्ने र मापदण्ड नपुगेका कलेजमा विद्यार्थीको सिट बढाउने तयारी भइरहेको आरोपसमेत लगाएका छन्। आयोगको उपाध्यक्षमा प्रा.डा. देवेन्द्रबहादुर खत्रीको नियुक्तिप्रति पनि उनले असन्तुष्टि जनाएका छन् । निजी मेडिकल कलेजलाई लाभ पुग्नेगरी निर्णय गराउन आयोगको नेतृत्वमा आफ्ना निकट व्यक्तिलाई ल्याइएको उनको आरोप छ।

डा. केसीले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार चिकित्सा शिक्षालाई पूर्ण गैरनाफामूलक बनाउने कानुनी व्यवस्था तत्काल कार्यान्वयन गर्नुपर्ने, विगतमा सरकारसँग भएका सम्झौता कार्यान्वयन गर्नुपर्ने, सीमावर्ती क्षेत्रका नागरिकका लागि स्वास्थ्य, शिक्षा र पूर्वाधार विस्तार गर्नुपर्ने तथा उच्च तहका भ्रष्टाचार र गम्भीर अपराधको निष्पक्ष छानविन गरी दोषीलाई कारबाही गर्नुपर्ने मागसमेत राखेका छन्।

यसैबीच नेपाल चिकित्सक संघले पनि डा. केसीको स्वास्थ्य अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। अध्यक्ष डा. बद्री रिजाल र महासचिव डा. विश्वराज दवाडीद्वारा जारी विज्ञप्तिमा डा. केसीको उमेर, हालै गरिएको शल्यक्रिया र बिग्रँदै गएको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी उनको जीवन रक्षाका लागि सरकारले तत्काल संवेदनशील भएर वार्ता र समाधानको पहल गर्न आग्रह गरिएको छ । यस्तै, धनगढीमा शनिबार सरकार समर्थित एक समूहले 'गो ब्याक गोविन्द केसी' भन्दै सत्याग्रह फिर्ता लिनुपर्ने मागसहित प्रदर्शनसमेत गरेको थियो । तर, डा. केसी पक्षले माग सम्बोधन नभएसम्म सत्याग्रह जारी रहने स्पष्ट पारेको छ।

■■■

## विज्ञ टोलीमार्फत...

जापानमा नर्सिङ, केयरगिभर, भवन सरसफाइ, व्यवस्थापन, मेसिनका पार्टपुर्जा र औजार उद्योग, औद्योगिक मेसिन उत्पादन गर्ने उद्योग, इलेक्ट्रिक, इलेक्ट्रोनिक र सूचना प्रविधि, निर्माण, पानीजहाज निर्माण र पानीजहाज मेसिनरीजस्ता क्षेत्रमा नेपालीहरू जाने गरेका छन्। त्यस्तै, अटोमोबाइल मर्मतसम्भार, उड्डयन क्षेत्र, आतिथ्य सत्कार, कृषि तथा माछापालन, खाद्य र पेयपदार्थ उद्योग र रेस्टुरेन्टको फुड सर्भिसमा जाँदै आएका छन्।

जापान नेपालीहरूको प्रमुख १० गन्तव्य मुलुकमा पर्छ । श्रम स्वीकृति लिएर विदेश गएका नेपाली श्रमिकमध्ये जापानबाट खासै गुनासो नआउने, उत्कृष्ट काम गर्ने वातावरण र आकर्षक सेवा सुविधाका कारण जापान नेपालीले रुचाएको श्रम गन्तव्य बन्दै आएको सरोकारवाला बताउँछन्। गत आर्थिक वर्ष २०८२/८३ मा २२ हजार २६६ जना रोजगारीका लागि जावान गएका वैदेशिक रोजगार विभागको तथ्यांक छ। अघिल्लो आव २०८१/८२ मा २३ हजार ७१ जनाले जापान जान श्रम स्वीकृति लिएका थिए।

■■■

## भारतमा शिक्षामन्त्रीको...

शिक्षामन्त्रीको राजीनामापछि संविधान क्लबमा केन्द्रीय मन्त्री जेपी नड्डा र जितेन्द्र सिंहसँग सिजेपी प्रतिनिधिमण्डलको तेस्रो चरणको वार्ता भएको थियो । वार्तापछि सिजेपीका मुख्य प्रवक्ता सौरव दास र प्रवक्ता आशुतोष रांकाले पत्रकार सम्मेलन गरी आन्दोलन स्थगनको घोषणा गरे । परीक्षामा भएको धाँधली र मानसिक तनावका कारण आत्महत्या गरेका निट आकांक्षीका परिवारलाई नियम तथा कानुनअनुसार सम्मानजनक क्षतिपूर्ति उपलब्ध गराइने भएको सिजेपीले जनाएको छ। सिजेपीले प्रतिपरिवार एक करोड रूपैयाँ माग गरेको थियो।

यसैगरी जुलाई २० को 'चलो संसद' मार्च र दिल्लीलगायत भाजपा शासित राज्यहरूमा प्रदर्शनकारी विद्यार्थीमाथि दर्ता भएका सबै प्रहरी मुद्दा (एफआइआर) फिर्ता लिइने र तीन-चार दिनभित्र त्यसको प्रतिलिपि उपलब्ध गराइने सहमति भएको जनाइएको छ। सिजेपीले बुझाएको पाँच बुँदे मागपत्र तथा शैक्षिक-परीक्षा सुधारका दीर्घकालीन उपायहरूमाथि छलफल गर्न आगामी चार हप्तापछि पुनः अर्को चरणको वार्ता बस्ने भएको छ।

आन्दोलन फिर्ताको घोषणा गर्दै सिजेपीका संस्थापक अभिजीत दिप्के र प्रवक्ता रांकाले जन्तर मन्तरमा उपस्थित हजारौं प्रदर्शनकारीहरूलाई घर फर्कन अपिल गरे। सामाजिक सञ्जाल एक्समा 'छात्र शक्ति जिन्दावाद' लेख्दै सिजेपीले यो निर्णयलाई विद्यार्थी र लोकतन्त्रको जितको रूपमा व्याख्या गरेको छ । यस्तै, वातावरण तथा नागरिक अभियन्ता सोनम वाङचुकले पनि शिक्षामन्त्रीको राजीनामा र विद्यार्थीहरूको विजयलाई लोकतन्त्रको सुन्दर अभ्यास भनेका छन्।

मे महिनामा सञ्चालन भएको स्नातक तहको चिकित्सा प्रवेश परीक्षा 'निट-युजी' को प्रश्नपत्र परीक्षा अगावै बाहिरिएपछि लाखौं परीक्षार्थीहरू सडकमा उत्रिएका थिए । सामाजिक सञ्जालमा सुरु भएको 'कक्रोच जनता पार्टी' नामको अभियानपछि जन्तर मन्तरमा ३७ दिन लामो सत्याग्रह र देशव्यापी प्रदर्शनमा परिणत भएको थियो । सिजेपीले शिक्षामन्त्री प्रधानको राजीनामालाई आफ्नो मुख्य सर्त बनाएको थियो । सिजेपीको सुरुआत मुख्य न्यायाधीश सूर्य कान्तको टिप्पणीलाई लिएर सामाजिक सञ्जालमार्फत भएको थियो। *एजेन्सीको सहयोगमा*

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/१० गते**

यस कम्पनीको मिति २०७५/०४/०९ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **रातो गुराँस सुमो यातायात प्रा.लि.**को नाम परिवर्तन गरी **लालिगुराँस सुमो सेवा प्रा.लि. (दर्ता नम्बर १९०९२०)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७५/०४/२४ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, १० साउन, २०८३

| | |
|---|---|
| मेष | घरपरिवारसँग समय बिताउने अवसर मिल्नेछ। सम्पत्ति वा घरसम्बन्धी विषयमा प्रगति हुन सक्छ। |
| वृष | छोटो यात्रा वा महत्वपूर्ण भेटघाट हुन सक्छ। आत्मविश्वासका साथ अघि बढ्दा सफलता मिल्ने। |
| मिथुन | नयाँ कामको अवसर मिल्न सक्छ। खर्चमा संयम अपनाउनु राम्रो हुन्छ। |
| कर्कट | परिवारबाट सहयोग प्राप्त हुनेछ। लगानी गर्दा सोचविचार गर्नुहोस। |
| सिंह | आत्मविश्वास बढ्ने दिन छ। बोलीमा संयम राख्दा सम्बन्ध अझ राम्रो हुनेछ। |
| कन्या | साझेदारीका काममा सावधानी अपनाउनुहोस। धैर्य राख्दा राम्रो परिणाम मिल्नेछ। |
| तुला | दाम्पत्य र पारिवारिक सम्बन्धमा मधुरता बढ्नेछ। व्यवसायमा सकारात्मक संकेत देखिन्छ। |
| वृश्चिक | मेहनतअनुसार उपलब्धि प्राप्त हुनेछ। स्वास्थ्य र खानपानमा विशेष ध्यान दिनुहोस। |
| धनु | सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ। सन्तान वा परिवारबाट खुसीको समाचार आउन सक्छ। |
| मकर | स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस। अधुरा काम पूरा हुने सम्भावना छ। |
| कुम्भ | कार्यक्षेत्रमा प्रशंसा र जिम्मेवारी दुवै बढ्न सक्छ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ। |
| मीन | अध्ययन, अनुसन्धान र नयाँ सीप सिक्न अनुकूल समय छ। यात्रा हुन सक्ने संकेत छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० साउन, २०८३ (२६ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५४.२१ | १५४.८१ |
| युरो | १ को | १७५.८८ | १७६.५६ |
| पाउन्ड स्टर्लिङ | १ को | २०६.१९ | २०७.०० |
| स्विस फ्रैन्क | १ को | १८९.७९ | १९०.५२ |
| अस्ट्रेलियन डलर | १ को | १०७.८६ | १०८.२८ |
| क्यानाडियन डलर | १ को | १०९.३९ | १०९.८१ |
| सिङ्गापुर डलर | १ को | ११९.४३ | ११९.८९ |
| जापानी येन | १० को | ९.४६ | ९.५० |
| चिनियाँ युआन | १ को | २२.७७ | २२.८६ |
| साउदी अरब रियाल | १ को | ४१.०९ | ४१.२५ |
| कतारी रियाल | १ को | ४२.३० | ४२.४७ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.९९ | ४२.१५ |
| मलेसियन रिङेट | १ को | ३७.७३ | ३७.८८ |
| दक्षिण कोरियन वन | १०० को | १०.४१ | १०.४५ |
| स्विडिस क्रोनर | १ को | १५.८८ | १५.९४ |
| डेनिस क्रोनर | १ को | २३.५३ | २३.६२ |
| हङकङ डलर | १ को | १९.६७ | १९.७५ |
| कुवेती दिनार | १ को | ५०१.०१ | ५०२.९६ |
| बहराइन दिनार | १ को | ४०८.९९ | ४१०.५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा













**प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सञ्चारगृहको सुरक्षा, सञ्चार क्षेत्रका जायज माग र नागरिक अधिकारको पक्षमा शनिबार माइतीघर मण्डलमा आयोजित पत्रकारहरूको बृहत् प्रदर्शन । नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश र उपत्यकाका तीन जिल्ला शाखाको आयोजनामा बृहत् प्रदर्शन गरिएको हो ।**

*तस्विर सौजन्यः नेपाल फोटो लाइब्रेरी*

# गाभीले नेपालसँग रकम फिर्ता नमाग्ने

**काठमाडौं–** खोपका लागि ग्लोबल अलायन्स (गाभी)ले नेपालसँग तीन लाख आठ हजार २७१ अमेरिकी डलर फिर्ता नमाग्ने निर्णय गरेको छ । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको पहलपछि उक्त रकम गाभी ६.० अन्तर्गत नेपालले आगामी दिनमा प्राप्त गर्ने सहयोगबाट समायोजन गरिने भएको हो ।

गाभीले नेपाललाई पठाएको पत्रमार्फत विश्व स्वास्थ्य सभाका क्रममा भएको द्विपक्षीय भेटवार्ता, त्यसपछिको पत्राचार तथा नेपालले प्रस्तुत गरेको प्रस्तावका आधारमा उक्त निर्णय गरिएको जानकारी दिएको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको छ । गाभीले आफ्नो निर्णयलाई नेपालका लागि विशेष र एकपटकका लागि गरिएको व्यवस्था भएको स्पष्ट गरेको छ । साथै, भविष्यमा यस्ता विषयमा यही निर्णयलाई नजिरका रूपमा नलिइने पनि पत्रमा उल्लेख छ ।

गाभीले हालसम्म नेपाललाई ५५० मिलियन अमेरिकी डलरभन्दा बढी बराबरको सहयोग उपलब्ध गराइसकेको छ । उक्त सहयोगबाट नेपालमा नियमित खोप कार्यक्रम सञ्चालन, नयाँ खोपको सुरुआत तथा विस्तार, कोल्ड चेन (खोप भण्डारण तथा ढुवानी प्रणाली) सुदृढीकरण, खोप खरिद, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, खोप आपूर्ति व्यवस्थापन तथा कोभिड-१९ विरुद्धको खोप अभियानलगायतका कार्यक्रम सञ्चालनमा सहयोग पुगेको छ ।

नेपाल र गाभीबीच सन् २०१४ मा साझेदारी ढाँचामा हस्ताक्षर भएपछि गाभी सहयोगमा सञ्चालित कार्यक्रमको व्यवस्थापन तथा वित्तीय प्रणालीको समीक्षा गर्ने क्रममा सन् २०२२ मा विशेष लेखापरीक्षण गरिएको थियो । उक्त लेखापरीक्षणले आर्थिक वर्ष २०१६/१७ देखि २०२१/२२ सम्मको अवधिलाई समेटेको थियो । लेखापरीक्षण टोलीले स्वास्थ्य सेवा विभागसहित २२ वटा कार्यान्वयन निकायको स्थलगत अध्ययन तथा परीक्षण गरेको थियो ।

प्रारम्भिक लेखापरीक्षणपछि आवश्यक वित्तीय कागजात तथा अभिलेख संकलन गरी पुनःपरीक्षणको अनुरोध गरिएको थियो । त्यसअनुसार गाभीको लेखापरीक्षण टोली सन् २०२४ अप्रिल २२ देखि मे १ सम्म पुनःनेपाल आएर 'फलोअप' लेखापरीक्षण सम्पन्न गरेको थियो । पुनःपरीक्षणपछि गाभीले १३ नोभेम्बर २०२४ मा तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्राचार गर्दै तीन लाख आठ हजार २७१ अमेरिकी डलर सम्बन्धमा नेपालको प्रतिबद्धता तथा भुक्तानी योजना माग गरेको थियो ।

यस विषयलाई समाधान गर्न स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले विश्व स्वास्थ्य सभाका क्रममा गाभीका प्रमुखहरूसँग प्रत्यक्ष छलफल गरेकी छन् । यसपछि ४ जुन २०२६ मा समाधानको प्रस्तावसहित औपचारिक पत्राचार गरिएको थियो । सोही छलफल र निरन्तर समन्वयपछि गाभीले नेपालले प्रस्तुत गरेको प्रस्ताव स्वीकार गर्दै उक्त रकम फिर्ता नमाग्ने तथा गाभी ६.० अन्तर्गत नेपालले प्राप्त गर्ने आगामी नगद सहयोगबाट समायोजन गर्ने निर्णय गरेको हो ।

गाभीले आफ्नो पत्रमा राष्ट्रिय खोप कार्यक्रमप्रतिको प्रतिबद्धता, खोप सेवाको विस्तार, वित्तीय व्यवस्थापन, लेखापरीक्षणका सुझावको समयमै कार्यान्वयन तथा कार्यक्रम सञ्चालनमा सुधारका लागि चालिएका प्रयासको प्रशंसा गरेको छ । साथै, नेपालसँगको दीर्घकालीन सहकार्यलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ । *रासस*

## मुगु कार्मारोङमा गएको पहिरोमा परी बालकको मृत्यु

**कर्णाली–** मुगुको कार्मारोङमा गाउँपालिका-५ पुलु बजारमा गएको ढुंगासहितको पहिरोमा च्यापिएर एक जना बालकको मृत्यु भएको छ । रारा छायाँनाथ नगरपालिका-१३ तिर्प घर भई पुलु बजारस्थित पेमा लामाको घरमा होटल व्यवसाय गर्दै आएका ३२ वर्षीय जगनाथ बडुवालका तीन वर्षीय छोरा रमेश बडुवालको मृत्यु भएको जिल्ला प्रहरी मुगुका प्रमुख प्रहरी नायब उपरीक्षक रविराज थपलियाले जानकारी दिए ।

उनका अनुसार शनिबार बिहान गएको पहिरोमा च्यापिएका रमेशलाई प्रहरी चौकी डोल्फुबाट खटिएको प्रहरी नायब निरीक्षक बीरबहादुर चन्द नेतृत्वको टोलीले स्थानीयको सहयोगमा उद्धार गरेको थियो । उद्धारपछि उपचारका लागि नजिकैको स्वास्थ्य चौकी लगिएकामा बालकको उपचारका क्रममा मृत्यु भएको उनले बताए ।

उक्त पहिरोबाट जगनाथ र उनकी श्रीमती सिर्जना बडुवाललाई सामान्य चोट लागेको छ । लामाको घर पूर्णरूपले क्षति भएको र अन्य आठ घर पहिरोको जोखिममा रहेका जनाउँदै प्रहरी नायब उपरीक्षक थपलियाले ती घरका परिवारलाई आफन्तकोमा र बाँकी आठ जनालाई पुलु स्वास्थ्य चौकीमा राखिएको बताए ।

घटनाको थप अनुसन्धान तथा उद्धारका लागि मुगुबाट प्रहरी निरीक्षक पदमबहादुर खत्रीको नेतृत्वमा पाँच र प्रहरी चौकी छायलबाट प्रहरी हवल्दार गोपाल सार्कीको नेतृत्वमा पाँच जनाको टोली घटनास्थलतर्फ पठाइएको छ । पुलु पुग्न मुगु सदरमुकामबाट सात घण्टा पैदल हिँड्नुपर्छ । *रासस*

# अस्ट्रेलियाका उच्च प्रतिनिधिमण्डलको नेपाल भ्रमण सम्पन्न

**काठमाडौं–** अस्ट्रेलियाको वैदेशिक मामिला तथा व्यापार विभागअन्तर्गत दक्षिण तथा मध्य एसिया महाशाखाका प्रथम सहायक सचिव सेरा स्टोरीको नेतृत्वमा आएको अस्ट्रेलिया सरकारको प्रतिनिधिमण्डलले नेपालको तीनदिने भ्रमण सम्पन्न गरेको छ ।

भ्रमणका क्रममा नेपाल र अस्ट्रेलियाबीचको बलियो तथा दीर्घकालीन साझेदारीलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको जनाइएको छ । छलफलमा व्यापार, लगानी, शिक्षा, जलवायु परिवर्तन र दिगो विकासका क्षेत्रमा सहकार्यका नयाँ अवसरहरूको पहिचान गरिएको छ ।

भ्रमणका क्रममा प्रथम सहायक सचिव स्टोरीले नेपालका परराष्ट्र सचिव अमृतबहादुर राईसँग संयुक्तरूपमा नेपाल-अस्ट्रेलिया द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठकको सहअध्यक्षता गरे । त्यसैगरी, उनले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीसँग संयुक्त रूपमा व्यापार तथा लगानी रूपरेखा व्यवस्था समितिको पहिलो बैठकको पनि सहअध्यक्षता गरे । उक्त बैठकलाई दुई देशबीच आर्थिक सहकार्य विस्तार गर्ने दिशामा महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइएको जनाइएको छ ।

बैठकहरूमा द्विपक्षीय सम्बन्धलाई थप गहिरो बनाउने, आर्थिक साझेदारी विस्तार गर्ने तथा क्षेत्रीय र बहुपक्षीय मञ्चहरूमा साझा हितका विषयमा सहकार्य अघि बढाउने प्रतिबद्धता व्यक्त गरिएको छ । अस्ट्रेलियाले त्यहाँ बसोबास गर्ने नेपाली समुदायको योगदानको उच्च प्रशंसा गर्दै उनीहरूको सीप, उद्यमशीलता, लगानी र मिहेनतले दुई देशबीचको जनस्तरीय सम्बन्धलाई अझ सुदृढ बनाएको उल्लेख गरेको छ ।

भ्रमणका क्रममा प्रथम सहायक सचिव स्टोरीले परराष्ट्रमन्त्री शिशिर खनाल र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग पनि शिष्टाचार भेटवार्ता गरे । शिक्षा क्षेत्रलाई द्विपक्षीय सम्बन्धको महत्त्वपूर्ण आधारका रूपमा उल्लेख गर्दै उनले अस्ट्रेलियाली विश्वविद्यालयबाट अध्ययन गरेका नेपाली पूर्वविद्यार्थीसँग आयोजित स्वागत समारोहमा अन्तरक्रिया गरे ।

साथै, त्रिभुवन विश्वविद्यालयमा विद्यार्थी, शिक्षाविद्, युवा नेता तथा वैदेशिक नीति क्षेत्रका विज्ञहरूसँग अस्ट्रेलिया-नेपाल सम्बन्धको भावी दिशाबारे छलफल गरे । त्यस अवसरमा प्रथम सहायक सचिव स्टोरीले लोकतान्त्रिक मूल्य र नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाप्रतिको साझा प्रतिबद्धताले दुई देशबीचको सम्बन्धलाई थप सुदृढ बनाएको बताए । उनले भने, 'लोकतान्त्रिक मूल्य तथा नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाप्रतिको हाम्रो साझा प्रतिबद्धता हाम्रो सम्बन्धको महत्त्वपूर्ण आधारस्तम्भ हो । यसले साझाहित प्रवर्द्धन गर्न मिलेर काम गर्ने बलियो आधार प्रदान गर्छ ।'

भ्रमणका क्रममा उनले अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) अन्तर्गत गोदावरीस्थित 'लिभिङ माउन्टेन ल्याब'को पनि अवलोकन गरे । सो अवसरमा इसिमोडसँग अस्ट्रेलियाको साझेदारी तथा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणका लागि अस्ट्रेलियाको प्रतिबद्धताबारे छलफल भएको थियो । प्राकृतिक स्रोत व्यवस्थापन, जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा क्षेत्रीय सहकार्य र ज्ञान आदानप्रदानलाई अस्ट्रेलियाले निरन्तर सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।

अस्ट्रेलिया सरकारका अनुसार यस भ्रमणले नेपाल-अस्ट्रेलिया सम्बन्धलाई थप गतिशील बनाउनुका साथै आगामी वर्षमा द्विपक्षीय सहकार्य विस्तार गर्ने नयाँ अवसर सिर्जना गरेको छ । *रासस*

## बागमती सफाइ महाअभियान ६८९औं हप्तामा प्रवेश

**काठमाडौं (प्रस)–** 'राष्ट्रका लागि हप्ताको दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ १३ वर्ष अघिदेखि सुरु भएको बागमती सफाइ महाअभियान ६८९औं हप्तामा प्रवेश गरेको छ ।

महाअभियानको ६८९औं हप्तामा शनिबार सिनामंगल क्षेत्रको बागमती नदी किनारमा सफाइ गरिएको छ । सो क्षेत्रको नदी किनारबाट नकुहिने फोहोर लगभग तीन मेट्रिक टन संकलन गरिएको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिए । उनका अनुसार सफाइका क्रममा संकलन गरिएको नकुहिने फोहोर काठमाडौं महानगरपालिका वातावरण विभाग टेकुको समन्वयमा व्यवस्थापन गरिएको छ ।

सफाइमा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष डा. आनन्दसिंह भाट, नदी संरक्षण संस्थाका अध्यक्ष मेघ आले, अधिकार सम्पन्न बागमती समितिका कर्मचारी, बागमती सफाइ अभियानकर्मीलगायतको सहभागिता रहेको उनले बताए ।

अर्को हप्ता साउन १६ गते शनिबारको सफाइ कार्यक्रम गुह्येश्वरी पानी प्रशोधन केन्द्रमुनिको बागमती नदी किनारमा गरिने सफाइ महाअभियानले जनाएको छ । २०७० जेठ ५ गतेदेखि बागमती सफाइ अभियान सुरु भएको हो । सुरु भएदेखि प्रत्येक हप्ता शनिबार यो अभियानले निरन्तरता पाउँदै आएको छ ।

झरी, गर्मी, जाडो, भूकम्प, कोरोना महामारी, दसैं तिहारजस्ता चाडपर्वका दिन शनिबार परे पनि सफाइ अभियान रोकिएको छैन । यो अभियानबाट प्रभावित भई काठमाडौं उपत्यकामा बागमतीका सबै सहायक नदीमा पनि सफाइ अभियान सुरु भइसकेका छन् ।

काठमाडौं उपत्यका बाहिरका मुख्य सहर, नदी सभ्यता क्षेत्रमा पनि सफाइ अभियान सुरु भएको छ । हाल देशभर करिब १०८ भन्दा बढी स्थानमा साप्ताहिकरूपमा शनिबार सफाइ अभियान चलिरहेको छ । बागमती सफाइ महाअभियानले देशभर सफाइ जागरण फैलाएको छ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# न्यायपालिकामाथिको प्रहार र लोकतन्त्रको भविष्य

न्यायपालिका लोकतन्त्रको त्यो आधारशिला हो, जसको स्वतन्त्रता र निष्पक्षतामा नै विधिको शासन, मानवअधिकार र नागरिकको भरोसा टिकेको हुन्छ । तर, पछिल्लो समय सर्वोच्च अदालत र समग्र न्यायप्रणालीमाथि कार्यपालिकातर्फबाट भइरहेका अनुचित दबाब, धम्की र हस्तक्षेपका शृंखलाले मुलुकलाई गम्भीर संवैधानिक संकटतर्फ धकेलेको छ । वैशाखयता सरकारले सर्वोच्च अदालतमा अनावश्यकरूपमा दबाब सिर्जना गरेको भन्दै एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट्स वाच र इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स (आइसिजे) जस्ता अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूले संयुक्तरूपमा चिन्ता व्यक्त गर्नुले नेपालको न्यायिक स्वतन्त्रता अन्तर्राष्ट्रिय जगतमै प्रश्नको घेरामा परेको पुष्टि गर्छ ।

सरकारले अध्यादेशमार्फत संवैधानिक परिषद्सम्बन्धी ऐन ल्याएर स्थापित विधि र वरिष्ठताको आधारलाई लत्याउँदै प्रधानन्यायाधीशको नियुक्ति गर्नु पहिलो गम्भीर गल्ती थियो । संसदीय विधि र पारदर्शी प्रक्रियालाई छलेर कार्यपालिकाको तजविजीमा गरिने यस्ता नियुक्तिले राजनीतिक प्रभावलाई प्रश्रय दिन्छन् । अझ, आफूअनुकूलका फैसला नआउँदा वा पूर्वप्रधानमन्त्री, राजनीतिज्ञ तथा व्यावसायिक घरानाहरूसँग जोडिएका मुद्दाहरूमा यथेस्ट प्रमाणको अभाव औंल्याउँदै अदालतले रिहाइको आदेश दिंदा, बहालवाला न्यायाधीशहरूलाई राजीनामाको दबाब दिनु वा महाभियोगको धम्की दिनु सर्वसत्तावादी सोचको पराकाष्ठा हो । सपना प्रधान मल्ल, कुमार रेग्मी र हरि फुयाँलजस्ता न्यायाधीशहरूमाथि राजीनामा वा महाभियोगको तरबार झुण्डयाएर अदालतलाई आफ्नो इच्छाअनुसार चलाउन खोज्नु न्यायपालिकाको मेरुदण्ड भाँच्नुसरह हो ।

सरकारको यस किसिमको हस्तक्षेपले मुलुकमा निकै घातक परिणामहरू निम्त्याउँछ । जब कार्यपालिकाले न्यायपालिकालाई नियन्त्रणमा लिने प्रयास गर्छ, तब संविधानले परिकल्पना गरेको ‘शक्ति पृथकीकरण र सन्तुलन’को सिद्धान्त ध्वस्त हुन्छ । यसले कानुनी राज्यलाई विस्थापित गरी स्वेच्छाचारी शासनलाई जन्म दिन्छ । अदालतप्रतिको जनविश्वास न्यायाधीशहरूको निष्ठा र निष्पक्षतामा टिकेको हुन्छ । राजनीतिक दबाबका आधारमा हुने नियुक्ति र फैसलाले न्यायप्रणालीमाथि आम नागरिकको आस्था समाप्त पार्छ । न्यायिक स्वतन्त्रता र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताबाट विमुख हुँदा नेपालको विश्वव्यापी छवि धमिलिन पुग्छ । यसले वैदेशिक सहायता, लगानी र कूटनीतिक सम्बन्धमासमेत नकारात्मक असर पार्छ । यदि अदालत राजनीतिक प्रतिशोध साध्ने वा शक्तिप्रदर्शन गर्ने थलो बन्यो भने नागरिकका मौलिक हकको रक्षा गर्ने अन्तिम आधार नै समाप्त हुने छ ।

सरकारले यो कुरा गम्भीरताका साथ बुझ्न आवश्यक छ कि न्यायपालिका सरकारको कुनै निकाय वा राजनीतिक प्रतिशोध साध्ने हतियार होइन । अदालती फैसलाहरू सरकारका लागि अनुकूल वा प्रतिकूल हुन सक्छन्, तर तिनलाई स्वीकार्नु र कानुनी प्रक्रियाबाटै अघि बढ्नु लोकतान्त्रिक सरकारको प्राथमिक कर्तव्य हो । आफूलाई असुविधा हुनेबित्तिकै न्यायाधीशहरूलाई धम्क्याउने र संवैधानिक निकायहरूलाई अध्यादेशबाट चलाउने हठले अन्ततः लोकतन्त्रलाई नै सिध्याउने छ ।

न्यायपालिका बलियो भएमात्र लोकतन्त्र र विधिको शासन सुरक्षित रहन सक्छ । न्यायलयलाई कमजोर बनाएर चलाइने शासन व्यवस्था कहिल्यै दिगो हुन सक्दैन । यसतर्फ सरकारको ध्यानाकर्षण होस् । साथै, न्यायाधीशहरूमाथि भइरहेका सम्पूर्ण राजनीतिक दबाब, धम्की र हस्तक्षेप तत्काल रोकियोस् । न्यायिक नियुक्ति र सुधारका प्रक्रियाहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड, पारदर्शिता र वस्तुनिष्ठतामा आधारित बनाइयोस् । अदालतलाई कसैको प्रभाव वा दबाबविना स्वतन्त्र, निष्पक्ष र सक्षम ढंगले काम गर्न दिइयोस् ।

श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ। अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ। यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई ‘स्विफ्ट कोड’ भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन्। यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन ।

# बजेट व्यवस्थापनः सिद्धान्त, अभ्यास र नेपालको अवस्था



❑ गम्भीरबहादुर हाडा

> “
> बजेट निर्माण तथा कार्यान्वयनमा देखापरेका समस्यालाई समाधान गर्ने उपायअन्तर्गत क्षेत्रगतरूपमा सम्भाव्यता अध्ययन र स्वीकृत डिजाइनको कार्य सम्पन्न गरी प्रोजेक्ट बैंक बनाउनुपर्दछ । बजेट तर्जुमा, कार्यान्वयन, मूल्यांकन र अनुगमन प्रक्रियासहित यो व्याख्या समावेश गरी बजेट ऐन बनाएमा बजेट कार्यान्वयनमा भएको ढिलाइ तथा अनियमिततालाई रोक्न सकिन्छ । समयमा कार्यक्रम स्वीकृत गरी समयमै अख्तियारी पठाउनुपर्दछ । कार्यक्रम समयमै संशोधन गरी समयमै निकासा गरिदिनुपर्दछ ।

बजेट शब्द फ्रान्सिसी भाषाको शब्द ‘बुजट’ बाट उत्पत्ति भएको हो, जसको शाब्दिक अर्थ छालाको सानो झोला हुन्छ । तर अहिले यसको अर्थ व्यापक भइसकेको छ । आधुनिक युगमा बजेट व्यवस्थाको आधुनिक रूप सन् १९०६ देखि सुरु भएको मानिन्छ । बजेटलाई आधुनिक रूप दिने श्रेय विलियम पिटलाई दिइन्छ । उनलाई बजेटको जन्मदाताको रूपमा मानिएको छ ।

बजेटको परिभाषा भिन्नाभिन्नै रूपमा दिएको पाइन्छ । अर्थशास्त्री टेलरको शब्दमा ‘बजेट सरकारको वित्तीय गुरुयोजना हो, जसमा अनुमानित आय, प्रस्ताविक खर्चको आधारमा गर्नुपर्ने विभिन्न क्रियाकलापहरू समावेश गरिएका हुन्छन् । तिनीहरूको सञ्चालनका लागि साधन तथा स्रोतको उपाय पनि उल्लेख गरेका हुन्छन् ।’ वेस्ट्रेविलको भनाइअनुसार ‘बजेट भनेको एक निश्चित समयका लागि सरकारको वित्तीय व्यवस्था हो जुन विधायिकामा स्वीकृतिका लागि पो गरिन्छ ।’

बजेट भन्नाले आम्दानी र खर्चको हिसाबकिताब राखी चाँजोपाँजो मिलाउनु हो । बजेटसम्बन्धी काम परिवार, संस्था सबैमा हुन्छ। सामान्यतः बजेट भन्नाले एउटा आर्थिक वर्षभरिको आम्दानी बुझाउँछ । गत वर्षको आय व्ययको आधारमा आगामी वर्षमा कुन-कुन कुरामा के कति खर्च गर्ने र सो खर्चको रकम पूर्ति गर्न कुन-कुन साधनहरूद्वारा राजस्व जम्मा गर्ने विषयमा विस्तृत बयान व्यवस्थापिकामा स्वीकृतिका लागि पेस गरिएको दस्तावेज हो, बजेट ।

बजेटलाई सम्पूर्ण आर्थिक एवं सामाजिक क्षेत्रमा देखापरेका विभिन्न समस्याहरू समाधानका लागि देशलाई एक निर्दिष्ट दिशातिर डोऱ्याउने कार्यमूलक माध्यमको रूपमा लिइएको छ । वास्तवमा बजेट आय-व्ययको विवरणमात्र नभएर राष्ट्रिय आर्थिक नीतिलाई प्रतिविम्बित गर्ने एउटा माध्यमका साथै आर्थिक निर्णय दिने प्रक्रिया पनि हो । बजेटका केही निश्चित उद्देश्यहरू हुन्छन् ।

बजेटका उद्देश्यहरूमा कोषको रकम खर्च गर्न कानुनी आधार उपलब्ध गर्ने, देशको आर्थिक नीति जनसमक्ष प्रस्तुत गर्नु तथा आर्थिक कारोबारको उचित नियन्त्रण राखी सरकारी धनको हानि नोक्सानी हुन नदिनु, देश विकास कार्यक्रममा द्रुतगति ल्याउनु र विभिन्न स्तरमा समन्वय कायम गर्न सहुलियत गराउनु, निर्णय वा योजनालाई चाहिने कुराहरू प्रदान गर्नु र उचित कार्यका लागि खर्चको क्षमता बढाउनु, निर्धारित आर्थिक लक्ष्यहरू प्राप्तिका लागि सोहीअनुरूप प्रभावकारी नीति अपनाउनुलगायत रहेका छन् ।

नेपालको बजेट तयारीमा अर्थ मन्त्रालयको भूमिका प्रमुख हुन्छ । यसमा राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय र मातहतका विभाग एवं कार्यालयहरू संलग्न हुने गरेका छन् । आवधिक योजनाको लक्ष्यअनुरूप हुनेगरी राष्ट्रिय योजना आयोगको सिफारिसमा अर्थ मन्त्रालयबाट आगामी बजेटको प्राथमिकता तथा मार्गदर्शन तयार गरी परिपत्र गर्ने र प्रत्येक कार्यालयले पनि अर्थ मन्त्रालयले तोकेको मार्गदर्शन र सीमाभित्र रही आगामी आर्थिक वर्षका लागि आवश्यक बजेट प्रस्ताव गर्ने गरिन्छ । यसरी बजेट प्रस्ताव गर्दा बजेटलाई मूलतः चालु तथा पुँजीगत खर्चको रूपमा विभाजन गर्ने गरिन्छ । विकास आयोजनाको बजेटको सम्बन्धमा प्रस्तावित आयोजना सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय र प्रशासकीय उपयुक्तताको आधारमा प्रतिफलसमेतको विचार गरी आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ । मन्त्रालय, विभाग तथा कार्यालयमार्फत प्रस्ताव भएको बजेट सम्बन्धमा अर्थ मन्त्रालयबाट उपलब्ध स्रोत साधनसमेतलाई दृष्टिगत गरी सरोकारवालासँग छलफल गरी बजेट काटछाट गरी अन्तिम रूप दिइन्छ । अर्थ मन्त्रालयबाट प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमानसहितको बजेट व्यवस्थापिका संसद्समक्ष पेस गर्ने र संसद्बाट व्यापक छलफलपछि आवश्यक परिमार्जन गरी बजेटउपर संसदीय स्वीकृति हुने गर्छ । यसप्रकार बजेट स्वीकृत भएपछि क्रमशः मन्त्रालय, विभागहुँदै कार्यालयहरूले खर्च गर्ने अख्तियारी प्राप्त गरी सोबमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकाशा लिई बजेट खर्च गर्नुपर्ने व्यवस्था छ ।

बजेटलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ; जस्तैः सन्तुलित बजेट, घाटा बजेट र बचत बजेट । त्यस्तै, यसलाई चालु, पुँजीगत र वित्तीय व्यवस्था गरी तीन भागमा वर्गीकरण गरिन्छ । नेपालको संविधानले तीनवटै तहका लागि छुट्टाछुट्टै आर्थिक कार्यप्रणालीको व्यवस्था गरेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तर्जुमासम्बन्धी विभिन्न व्यवस्थाहरू रहेका छन् । प्रदेश तहमा पनि प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन तथा नियमावलीहरू कार्यान्वयनमा छन् । यसका अतिरिक्त बजेट तर्जुमा दिग्दर्शन, २०७५ र स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ समेत प्रचलनमा रहेका छन् ।

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अन्तर्गत स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल विषय, समय र प्रक्रियाः आवधिक योजना र मध्यमकालीन खर्च संरचनाअनुसार प्राथमिकताका विषयहरू; आयोजना पहिचान, सम्भाव्यता अध्ययन र प्राथमिकता निर्धारण भई आयोजना बैंकमा समावेश भएका आयोजनाहरू वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान पुग्ने कार्यक्रम, सुशासन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री स्थानीय शासन र लक्षित वर्गको सशक्तीकरणजस्ता अन्तरसम्बन्धित विषयहरूः अन्तरस्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरू, विषयगत क्षेत्र र भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरू र दिगो विकास लक्ष्यको स्थानीयकरण तथा लक्ष्य प्राप्तिका लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरूको प्राथमिकतामा योजना छनोट गर्दा ध्यान दिनुपर्ने विषयहरू उल्लेख गरिएको छ ।

स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटको पूर्वतयारी, स्रोत अनुमान र कूल बजेट सीमा निर्धारण, बस्ती/टोल स्तरबाट योजना छनोट, वडास्तरीय योजनाको प्राथमिकता निर्धारण, एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा, कार्यपालिकाबाट स्वीकृति र सभामा पेस तथा सभाबाट स्वीकृतिका चरणहरू पार गरिन्छ ।

नेपालको संविधान २०७२ अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरू, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरणसम्बन्धी निर्देशिका, २०७४, संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, स्थानीय तहको मध्यमकालीन खर्च संरचना, उपलब्ध स्रोत साधन, विकासका अन्तरसम्बन्धित विषयहरू र नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरू, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरू आदिलाई बजेट निर्माणमा ध्यान दिइनुपर्छ ।

बजेट निर्माण तथा कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरूअन्तर्गत साधन उपलब्धताका आधारमा भन्दा मागका आधारमा बजेट बनाउने प्रवृत्ति, प्रत्येक खर्च शीर्षकमा विनियोजन गर्ने निश्चित मापदण्ड छैन अर्थात् खर्चको मापदण्ड छैन, वैदेशिक अनुदान र ऋणको भरपर्दो सूचना नहुँदा यस्तो स्रोतबाट बेहोरिने बजेट यथार्थपरक हुन सकेको छैन, प्रतिबद्धताका आधारमा बजेटमा विनियोजन नगर्ने भन्ने कुरा व्यवहारमा त्यत्ति कार्यान्वयनमा आउन सकेको छैन । खर्चको आकारमा पर्ने दबाब राजस्वमाथि पनि पर्ने निश्चित छ । करका आधार वृद्धि गर्दै आन्तरिक साधनमाथिको निर्भरता बढाउने काम गर्न नसकेको अवस्था छ । मन्त्रालयहरूको समयमै कार्यक्रम उपलब्ध नगराउँदा बजेटका नीति तथा कार्यक्रमको छलफलमा पर्याप्त ध्यान दिन सकिएको छैन । आयोजना प्रवेशको गुणात्मकता अझै सुनिश्चित गर्न सकिएको छैन र नयाँ आयोजना बजेटमा आउँदा कम्तीमा लागत र सम्पन्न गर्न लाग्ने समय यकीन हुनुपर्ने हो, सो हुन सकेको छैन । सरकारले बजेट तर्जुमा गर्दा अनिवार्य दायित्व र आकस्मिक दायित्व व्यवस्थापन गर्ने गरेको छैन, यसले गर्दा बजेटलाई अझै पारदर्शी बनाउन सकिएको छैन । बजेट तर्जुमा गर्दा पेसाविद्, संगठन, नागरिक समाज, सरोकार पक्षको सहभागिता बढाउन सकिएको छैन, राजनीतिक दबाबमा परी अनुत्पादक क्षेत्रमासमेत बजेट विनियोजन हुने गरेको छ ।

बजेट निर्माण तथा कार्यान्वयनमा देखापरेका समस्यालाई समाधान गर्ने उपायअन्तर्गत क्षेत्रगतरूपमा सम्भाव्यता अध्ययन र स्वीकृत डिजाइनको कार्य सम्पन्न गरी प्रोजेक्ट बैंक बनाउनुपर्दछ । बजेट तर्जुमा, कार्यान्वयन, मूल्यांकन र अनुगमन प्रक्रियासहित यो व्याख्या समावेश गरी बजेट ऐन बनाएमा बजेट कार्यान्वयनमा भएको ढिलाइ तथा अनियमिततालाई रोक्न सकिन्छ । समयमा कार्यक्रम स्वीकृत गरी समयमै अख्तियारी पठाउनुपर्दछ । कार्यक्रम समयमै संशोधन गरी समयमै निकासा गरिदिनुपर्दछ । आयोजना प्रमुखको स्थानान्तरण पनि बजेट कार्यान्वयनको प्रमुख अभिशाप हो, यसमा पनि व्यापक ध्यान पुऱ्याउनुपर्दछ । दण्डहीनतालाई प्रश्रय दिइनु हुँदैन, जसले गर्दा पहिले भए गरेका कमीकमजोरी भविष्यमा दोहोरिन नपाउने व्यवस्था गरिनुपर्दछ ।

आवधिक योजनाको उद्देश्य र प्राथमिकताअनुरूप वार्षिक बजेट तर्जुमा गर्ने, अनुगमन र मूल्यांकन प्रक्रियालाई बजेट तर्जुमाकै बखतमा सूचकांक तयार गरी यसलाई प्रणालीमा आबद्ध गरी लैजाने गरेमा बजेट कार्यान्वयनमा शीघ्रता आउँछ । क्षेत्रगतरूपमा सम्भाव्यता अध्ययन र स्वीकृत डिजाइनको कार्य सम्पन्न गरी प्रोजेक्ट बैंक बनाउनुपर्दछ । बजेट तर्जुमा, कार्यान्वयन, मूल्यांकन र अनुगमन प्रक्रियासहित यो व्याख्या समावेश गरी बजेट ऐन बनाएमा बजेट कार्यान्वयनमा भएको ढिलाइ तथा अनियमिततालाई रोक्न सकिन्छ । समयमा कार्यक्रम स्वीकृत गरी समयमै अख्तियारी पठाउनुपर्दछ, कार्यक्रम समयमै संशोधन गरी समयमै निकासा गरिदिनुपर्दछ ।

# वैदेशिक रोजगार क्षेत्रमा सुधारः अनलाइन सेवासँगै ‘बेटर पिडिओटी’ सुरु गरौं



❑ राजाराम गौतम

वैदेशिक रोजगारलाई सहज, सुरक्षित र पारदर्शी बनाउने उद्देश्यले सरकारले अनलाइन सेवा विस्तारलाई प्राथमिकता दिइरहेको छ । प्रविधिको प्रयोग समयको आवश्यकता हो । तर वैदेशिक रोजगारका जटिल समस्या केवल अनलाइन प्रणालीबाट मात्र समाधान हुन्छ भन्ने सोच व्यावहारिक देखिँदैन । सेवा डिजिटाइजेसन आवश्यक भए पनि श्रमिक सुरक्षा, ठगी नियन्त्रण र गुणस्तरीय सेवा प्रवाहका लागि प्रणालीगत सुधार अझ महत्त्वपूर्ण छ ।

नेपालका अधिकांश वैदेशिक रोजगारसम्बन्धी समस्या गाउँबाटै सुरु हुन्छन् । धेरै श्रमिकले विदेश जान नपाउने डर, एजेण्टको दबाब वा अन्य कारणले आफू ठगिएको कुरा खुलेर भन्न सक्दैनन् । यस्तो अवस्थामा अनलाइन उजुरी प्रणाली उपयोगी भए पनि पर्याप्त हुँदैन । कानुनी कारबाहीका लागि प्रमाण आवश्यक हुन्छ, तर ठगी गर्नेले प्रमाण नै नछोड्ने प्रयास गर्छ । त्यसैले ठगीपछि कारबाहीभन्दा ठगी हुनै नदिने प्रणाली निर्माण गर्नु आजको आवश्यकता हो ।

अनलाइन सेवाले श्रमिकलाई काठमाडौं धाउनुपर्ने समस्या पनि पूर्णरूपमा समाधान गर्दैन । अन्तर्वार्ता, मेडिकल परीक्षण, अभिमुखीकरण तालिम र भिसा प्रक्रिया अन्ततः एउटै शृंखलामा पूरा गर्नुपर्ने हुन्छ । त्यसैले सरकारले वैदेशिक रोजगारको प्रक्रिया व्यवस्थित गरी अन्तर्वार्ता, मेडिकल, पूर्वप्रस्थान अभिमुखीकरण (पिडिओटी) र त्यसपछि मात्र भिसा प्रक्रियालाई अनिवार्य क्रम बनाउने हो भने श्रमिकको समय, खर्च र अनावश्यक सास्ती उल्लेखनीयरूपमा घट्न सक्छ।

सुधारको अर्को महत्त्वपूर्ण आधार ‘बेटर पिडिओटी’ हुन सक्छ । पिडिओटीलाई व्यवसायका रूपमा होइन, सुरक्षित वैदेशिक रोजगारको मेरुदण्डका रूपमा विकास गर्न आवश्यक छ । यही तालिमले श्रमिकलाई गन्तव्य मुलुकको कानुन, श्रम अधिकार, स्वास्थ्य, सुरक्षा, आर्थिक व्यवस्थापन, ठगीबाट बच्ने उपाय र आपत्कालीन अवस्थाको तयारीबारे जानकारी दिन्छ । गुणस्तरीय पिडिओटीले विदेश पुगेपछि देखिने धेरै समस्या नेपालमै कम गर्न सक्छ ।

यसका लागि सबै जिल्लामा गुणस्तरीय पिडिओटी सुनिश्चित गर्न, अनिवार्य परीक्षा लागू गर्न, दक्ष प्रशिक्षक, पर्याप्त पूर्वाधार र नियमित गुणस्तर अनुगमनलाई अनिवार्य बनाउन आवश्यक छ । तालिम दिने संस्थालाई केवल अनुमति दिएर छाड्ने होइन, उनीहरूको नतिजाका आधारमा मूल्यांकन गर्ने प्रणाली विकास गरिनुपर्छ ।

पिडिओटीलाई हाइब्रिड (मिश्रित) मोडल मा सञ्चालन गर्ने विषय पनि गम्भीर रूपमा विचार गर्न सकिन्छ । भौतिक वा ‘भर्चुअल’ माध्यममध्ये श्रमिकले आफ्नो अवस्थाअनुसार छनोट गर्न पाउने व्यवस्था गर्दा पहुँच बढ्छ भने गुणस्तर पनि कायम राख्न सकिन्छ । फिलिपिन्सलगायत केही श्रम आपूर्तिकर्ता मुलुकले यस्ता मिश्रित अभ्यास अपनाएका उदाहरणहरू अध्ययन गरी नेपालले आफ्नो आवश्यकता अनुसार उपयुक्त मोडल विकास गर्न सक्छ ।

त्यत्तिकै महत्त्वपूर्ण अर्को विषय अनुगमन हो । देशभर सञ्चालन भइरहेका पिडिओटी संस्थाको निष्पक्ष, कडा र परिणाममुखी अनुगमन आवश्यक छ । न्यूनतम मापदण्ड पूरा नगर्ने संस्थालाई सुधारका लागि निश्चित समय दिई पनि सुधार नभए कानुनी कारबाही गर्न सरकार पछि हट्नु हुँदैन । वैदेशिक रोजगारजस्तो संवेदनशील क्षेत्रमा गुणस्तरमा सम्झौता गर्नु भनेको श्रमिकको सुरक्षामाथि सम्झौता गर्नु हो ।

साथै, वैदेशिक रोजगार विभागको अनुगमन शाखालाई डिजिटल प्रविधि, प्रत्यक्ष निगरानी र गुणस्तर मूल्यांकन प्रणालीमार्फत थप सशक्त बनाउन आवश्यक छ । प्रविधि सेवा प्रवाहमामात्र होइन, अनुगमन र उत्तरदायित्व बढाउन पनि प्रयोग हुनुपर्छ । यो सरकारको आलोचनामात्र होइन, सुधारको प्रस्ताव हो । सरकार, निजी क्षेत्र, तालिम संस्था र सरोकारवालाबीच सहकार्य भए छोटो समयमै सकारात्मक परिवर्तन सम्भव छ ।

बिदापछिको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पहिलो बैठकमै ‘बेटर पिडिओटी’ लाई मुख्य एजेण्डा बनाइयोस् । यदि यो अभियान प्रभावकारीरूपमा लागू गर्न सकियो भने वैदेशिक रोजगार क्षेत्रमा ठगी न्यूनीकरण, श्रमिक सुरक्षा अभिवृद्धि र सेवा प्रणालीमा जनविश्वास बढाउन महत्त्वपूर्ण योगदान पुग्ने छ ।

*(गौतम नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष हुन्)*



**१०८ मठमा तुलसी रोपिए** | हरिशयनी एकादशीका अवसरमा शनिबार बागलुङ नगरपालिका–४ निरयघाटस्थित मानवसेवा धाममा रोपिएका तुलसी । १०८ मठमा तुलसी रोपिएको मानवसेवा धाम विकास समितिले जानकारी दिएको छ । *तस्बिरः रासस*

# ‘शान्तिपूर्ण समाजका लागि समुदाय-प्रहरी साझेदारी अपरिहार्य’



**जनकपुरधाम (प्रस)–** नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले कानुनको समुचित कार्यान्वयन तथा समुदाय-प्रहरी साझेदारीबाट मात्र शान्तिपूर्ण समाज निर्माण सम्भव हुने बताएका छन् ।

बेलायत सरकारको आर्थिक सहयोगमा जिल्ला प्रहरी कार्यालय धनुषाको परिसरमा निर्माण सम्पन्न भएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र तथा प्रहरी आवासका लागि निर्मित भवनको शनिबार उद्घाटन गर्दै उनले शान्तिपूर्ण समाज निर्माणमा प्रहरीको एकल प्रयास पर्याप्त नहुने भएकाले समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको बताए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित समस्या संवेदनशील र विशिष्टीकृत प्रकृतिका हुने भएकाले ती विषयलाई उच्च प्राथमिकतामा राखी विशेषज्ञतापूर्ण ढंगबाट सम्बोधन गर्नुपर्नेमा जोड दिँदै प्रहरी महानिरीक्षक कार्कीले हरेक नागरिकप्रति सम्मानपूर्ण व्यवहार गर्दै समानताको सिद्धान्तअनुसार सुरक्षा र न्याय सुनिश्चित गर्न सबै प्रहरी कर्मचारीलाई निर्देशन दिए ।

नेपाल प्रहरीले सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने अभियानअन्तर्गत नागरिकले प्रहरी कार्यालयमा उपस्थित नभई आफ्ना गुनासा, सूचना तथा निवेदन अनलाइनमार्फत दर्ता गर्नसक्ने व्यवस्था गरिएको उनले जानकारी दिए । नेपाल प्रहरी आधुनिक प्रविधिको प्रयोगमार्फत सहज, प्रभावकारी र नागरिकमैत्री सेवा प्रवाह गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै महानिरीक्षक कार्कीले समाजमा रहेका कुरीतिका अवशेषहरूलाई हटाउन नसकिए समाज र राष्ट्र अघि बढ्न नसक्ने भएकाले यसलाई हटाउन प्रहरी र नागरिकबीचको सहकार्य अपरिहार्य रहेको बताए ।

नेपाल प्रहरी मधेस प्रदेशका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले मधेस प्रदेशमा मुख्य सुरक्षा चुनौतीको रूपमा देखिएको लागुऔषध सेवन र कारोबारीलाई तोड्न प्रहरी सक्रियताका साथ लागेकाले यसमा नागरिकको पनि साथ र सहयोग आवश्यकता औंल्याए ।

कार्यक्रममा प्रहरी महानिरीक्षक कार्कीले उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारी तथा सामजिक अभियानमार्फत प्रहरीलाई सहयोग गर्ने व्यक्तिलाई सम्मान गरे । बेलायत सरकारको तीन करोड ९९ लाख ७६ हजार रूपैयाँ आर्थिक सहयोगमा नवनिर्मित सेवा केन्द्र भवनमा सोधपुछ, स्वागत, पीडित सहायता, पीडित आश्रय, बालबालिका, परामर्श र बैठक कक्ष रहेका जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रूपेश खड्काले जानकारी दिए ।

त्यस्तै केन्द्रको पहिलो तलामा सेवा केन्द्र प्रमुख कक्ष, प्रशासन/अभियोजन कक्ष रहेका छन् भने महिला आवासमा सेवा केन्द्र प्रमुख, जुनियर प्रहरी अधिकृत ब्यारेक, प्रहरी जवानदेखि प्रहरी वरिष्ठ हवल्दार ब्यारेक र भन्सार तथा भोजन कक्ष रहेका प्रहरी उपरीक्षक खड्काले बताए ।

# राणाकालीन इतिहास र धार्मिक पर्यटनलाई जोड्दै चुरियामाई



■ वासुदेव पौडेल

**बागमती–** मकवानपुरको पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडाबाट वीरगञ्ज जाने मार्गको छेउ चुरे पर्वत शृंखलामा अवस्थित चुरियामाईको मन्दिर यस क्षेत्रको प्रसिद्ध तीर्थस्थल हो ।

चुरे पर्वत शृंखलामा रहेकाले पनि यस तीर्थस्थललाई चुरियामाई नामकरण गरिएको यहाँका ज्येष्ठ नागरिक बताउँछन् । हेटौंडा बजारबाट करिब १३ किलोमिटर दक्षिणतर्फ अर्थात् वीरगञ्ज जाने पूर्व-पश्चिम राजमार्गको बायाँतर्फ चुरे पहाडको फेदीमा रहेको यो मन्दिरमा हेटौंडा आसपासका बासिन्दासँगै पूर्व-पश्चिम राजमार्गमा आवतजावत गर्नेहरू दर्शनका लागि आउने गरेका मन्दिरका सहायक पुजारी चन्द्रबहादुर लामाले जानकारी दिए ।

यसअघि चुरियामाईको मूर्ति चुरे पर्वतको टुप्पोमा रहेकामा राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा भक्तजनलाई पूजाअर्चना गर्न सुविधा होस् भनेर चुरे पर्वतको टुप्पोबाट हालको फेदीमा ल्याई स्थापना गरिएको पुर्खाहरूले बताएका उनले जानकारी दिए । त्यसैले यस मन्दिरलाई राणाकालीन इतिहासको जीवन्त साक्षीका रूपमा लिने गरिएको उनको भनाइ छ । यसले राणाकालीन इतिहासको संरक्षण प्रवर्द्धन गर्नुका साथै धार्मिक पर्यटनलाई जोड्ने काम गरिरहेको उनले बताए ।

विशेषगरी मन्दिरमा नयाँ सवारीसाधन किनेपछि पूजा गर्न आउने भक्तजनको चाप हुने गरेको स्थानीयवासी बताउँछन् । यहाँ सवारीसाधन ल्याएर पूजा गरेपछि राम्रो हुने विश्वास रहेकाले हेटौंडामात्र नभई आसपासका क्षेत्रबाट पनि नयाँ सवारीसाधन लिएर पूजा गर्न आउने प्रचलन बढिरहेको यातायात व्यवसायी कैलाश थापाले बताए ।

‘सानो होस् वा ठूलो नयाँ सवारीसाधन किनेपछि चुरियामाईको पूजा गर्न आउने प्रचलन छ,’ उनले भने, ‘यहाँ आएर पूजा गरेपछि राम्रो हुने विश्वास प्राचीनकालदेखि रहँदै आएको हो ।’ विशेषगरी दसैंको समयमा यहाँ पूजाआजाका लागि आउनेको घुइँचो लाग्ने पुजारी लामाले बताए । अन्य समयमा भने शनिबार र विशेष तिथिमितिमा दर्शनार्थीको चाप लाग्ने गरेको उनको भनाइ छ ।

मन्दिरमा आकर्षक र कलात्मक शैलीको कालो प्रस्तरको चुरियामाईको मूर्ति छ भने वरपर विभिन्न देवीदेवताका मूर्तिहरू छन् । दर्शनार्थीको घुइँचोलाई व्यवस्थित गर्नका लागि फलामेबारलाई व्यवस्थित गरिएको छ । साथै, पूर्व-पश्चिम राजमार्गको चोकबाट उक्लनुपर्ने करिब १० मिनेटको सिँढी बाटोलाई व्यवस्थित गराइएको छ । मन्दिरसम्म उक्लदा यहाँको मनोरम प्राकृतिक सौन्दर्यताले जोकोहीलाई लोभ्याउने गरेको स्थानीय बताउँछन् ।

## दक्षिण एसियाकै पहिलो सुरुङमार्ग अर्को महत्त्वपूर्ण आकर्षण

मन्दिर परिसरमा रहेको दक्षिण एसियाकै पहिलो सुरुङमार्ग यहाँको अर्को आकर्षण हो । मन्दिर आउने दर्शनार्थीले यहाँस्थित सुरुङमार्गका बारेमा निकै चासोका साथ जान्ने, बुझ्ने र अवलोकन गर्ने गरेका चुरियामाई मन्दिर तथा सुरुङ संरक्षण एवं व्यवस्थापन समितिका सदस्य रामकुमार पुलामीले बताए ।

उनका अनुसार यसअघि हेटौंडा उपमहानगरपालिकाले संरक्षण र सञ्चालन गर्दै आएको सुरुङमार्गको संरक्षण, सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी हाल चुरियामाई मन्दिर तथा सुरुङ संरक्षण एवं व्यवस्थापन समितिलाई हस्तान्तरण गरिएको उनले जानकारी दिए ।

सम्झौताअनुसार समितिले सुरुङको संरक्षण, सञ्चालन तथा व्यवस्थापनसँगै नियमित रेखदेख, सरसफाइ, मर्मतसम्भार, पर्यटक व्यवस्थापन तथा आवश्यक पूर्वाधार सञ्चालनको जिम्मेवारी पनि निर्वाह गरिरहेको उनले जानकारी दिए । सुरुङ अवलोकनका लागि आउने पर्यटकबाट उपमहानगरले निर्धारण गरेको शुल्क संकलन गर्न सकिने व्यवस्था गरिएको छ भने संकलित रकम सुरुङको संरक्षण, सञ्चालन तथा व्यवस्थापनमा खर्च गर्नुपर्ने प्रावधान छ ।

‘हेटौंडा उपमहानगरपालिका चुरियामाई सुरुङ सञ्चालन कार्यविधि, २०८१’ अनुसार करिब ५०० मिटर लामो सुरुङमार्ग अवलोकनका लागि विभिन्न किसिमको शुल्क तय गरिएको व्यवस्थापन समितिका सदस्य पुलामीले जानकारी दिए । निर्धारित शुल्कअनुसार पाँच वर्ष उमेरसम्मका लागि निःशुल्क व्यवस्था गरिएको छ भने नेपाली नागरिकका लागि ५० रूपैयाँ, विद्यार्थीका लागि १० रूपैयाँ, विदेशी पर्यटकका लागि १०० रूपैयाँ तय गरिएको छ । चलचित्र, डकुमेन्ट्री, म्युजिक भिडियो निर्माणका लागि एक हजार रूपैयाँ शुल्क निर्धारण गरिएको उनले बताए । नगरपालिकाले आगन्तुकहरूबाट शुल्क संकलन गर्ने व्यवस्था गरे पनि अधिकांश व्यक्तिले शुल्क नखोज्ने उनले अनुभव सुनाए ।

वि.सं. १८७२ मा राणा प्रधानमन्त्री चन्द्र शमशेरको शासनकालमा निर्माण सुरु भई वि.सं. १८७४ मा सम्पन्न भएको चुरियामाई सुरुङमार्ग तत्कालीन हेटौंडा-अमलेखगञ्ज रेलमार्गअन्तर्गत निर्माण गरिएको ऐतिहासिक सम्पदा हो । करिब दुई वर्ष लगाएर निर्माण गरिएको यस सुरुङमार्गले दक्षिण एसियाकै पहिलो सुरुङका रूपमा चासो र चर्चा कमाएको छ ।

यस सुरुङमार्ग निर्माणको प्राविधिक नेतृत्व तत्कालीन सडक विभागका मुख्य इञ्जिनियर डिल्लीजंग थापाले गरेका थिए । लामो समयसम्म प्रयोगविहीन रहेको उक्त सुरुङको स्तरोन्नति बागमती प्रदेश सरकारले सम्पन्न गरी संरक्षण र व्यवस्थापनका लागि हेटौंडा उपमहानगरपालिकालाई हस्तान्तरण गरेको थियो ।

यो सुरुङमार्गको ऐतिहासिकताको प्रचारसँगै चुरियामाईको धार्मिक महत्त्व संरक्षण र प्रवर्द्धन गर्न सकिएमा यो मकवानपुरको महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास हुनसक्ने जानकारहरू बताउँछन् । राणाकालीन इतिहासको जीवन्त साक्षी सुरुङमार्गसँगै चुरियामाईको धार्मिक महत्त्वलाई प्रचारप्रसार गरी यहाँको अधिकतम पर्यटकीय उपयोग गर्नुपर्नेमा स्थानीयको जोड छ । *रासस*

# इच्छाकामनाका ३४ परिवारलाई जग्गाधनी प्रमाणपत्र वितरण

**चितवन–** इच्छाकामना गाउँपालिका-७ भालुवाङ्स्थित सुन्दरबस्तीको संगमटोलका ३४ घर परिवारलाई शुक्रबार जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) वितरण गरिएको छ । भूमि समस्या समाधान समितिका अध्यक्ष बलभद्र बाँस्तोलाले लालपुर्जा वितरण गरेका हुन् ।

सो अवसरमा उनले सबैतिरबाट सहयोग मिलेमा यसै कार्यकालमा सबै सुकुम्बासीले जग्गाधनीपत्र पाउने बताए । उनले ५०० दिनभित्र लालपुर्जा वितरण गरिसक्ने बताए । यसका लागि स्थानीय तह, जिल्लास्थित भूमि समस्या समाधान समिति, निवेदक सबैको साथ र सहयोग चाहिने उनले बताए । सुकुम्बासीका लागि लालपुर्जा वितरण गरिएको यो दोस्रो जिल्ला भएको उनको भनाइ थियो ।

कार्यक्रममा भूमि समस्या समाधान समिति चितवनका अध्यक्ष रहेका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सबै पालिकासँग समन्वय गरेर प्रक्रिया पुगेकालाई तत्काल लालपुर्जा वितरण गरिने र प्रक्रिया नपुगेकाको प्रक्रिया पूरा गर्न लाग्ने बताए । सबै पालिकामा नाप नक्सा, दर्ता, प्रमाणीकरणलगायतका काम भइरहेको उनले बताए । जिल्लामा ४२ हजार जनाको निवेदन परेको उनको भनाइ थियो ।

गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले शनिबार जग्गाधनी प्रमाणपत्र पाउनेमा चार घर भूमिहीन दलित र ३० घर भूमिहीन सुकुमबासी रहेको बताए । सोही टोलका ३८ घरको लालपुर्जा तयार भएकोमा फोटो टाँस्नुपर्ने जग्गाधनी बाहिर भएकाले उनीहरू आएपछि लालपुर्जा वितरण गरिने उनले बताए । गाउँपालिकामा अझै ८० घर भूमिहीन दलित, ७७१ घर भूमिहीन सुकुमबासी र दुई हजार ९३० अव्यवस्थित बसोबासी रहेका छन् । सो अवसरमा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीसहित इच्छाकामनाका सातवटै वडाका वडा अध्यक्षको उपस्थिति रहेको थियो । *रासस*

# क्यान्सर अस्पतालसम्म नगर बस सञ्चालन गरिँदै

**नेपालगञ्ज (बाँके)–** बाँकेको बैजनाथ गाउँपालिकाको सम्झना चोकबाट खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालसम्म नगर बस सञ्चालन हुने भएको छ । क्यान्सर अस्पतालको आग्रहमा बागेश्वरी यातायात प्रालिले क्यान्सरका बिरामीको आवागमन सहजताका लागि अस्पतालसम्म पुग्नेगरी नगर बस सञ्चालन गर्ने भएको हो ।

क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. निरज भट्टराई र बागेश्वरी यातायत प्रालिका अध्यक्ष मनप्रसाद आचार्यबीच शनिबार ४० किलोमिटर नगर बस सञ्चालनसम्बन्धी सहमति भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका सहकोषाध्यक्ष शोभाखर पौडेलले जानकारी दिए ।

दुर्गम गाउँबाट अस्पतालसम्म पुग्न बिरामीले सवारीसाधन अभावमा भोग्दै आएका समस्या समाधान गर्दै बिरामीको सहजीकरणका लागि अस्पतालको आग्रहमा बस सञ्चालन गर्न थालिएको प्रालिका अध्यक्ष आचार्यले बताए । उनले पहिलो चरणमा सम्झना चोकबाट क्यान्सर अस्पतालको गेटसम्म दुईवटा बस सञ्चालन गरिने बताउँदै बिरामीको चाप र आवश्यकतालाई हेरेर पछि सेवा थप गर्न सकिने उल्लेख गरे ।

अस्पतालसम्म सीधै आउने सवारीसाधन नपाएर अलमलमा पर्ने गरेका बिरामीलाई नगर बस सञ्चालनले सहज हुने अस्पतालका कार्यकारी निर्देशक डा. भट्टराईको भनाइ छ ।

अध्यक्ष आचार्यका अनुसार अर्को सातादेखि सञ्चालन हुने नगर बसले खजुराबाट नेपालगञ्जका लागि ४० रूपैयाँ, राँझा चोकसम्म ५० रूपैयाँ, कोहलपुरसम्मका लागि १०० रूपैयाँ र सम्झना चोकसम्मका लागि १२५ रूपैयाँ सेवा शुल्क तोकिएको छ । कर्णाली, सुदूरपश्चिम तथा लुम्बिनी प्रदेशका विभिन्न जिल्लाबाट क्यान्सरको उपचार गर्न खजुरा क्यान्सर अस्पताल आउने बिरामीले अस्पतालसम्म पुग्ने सवारीसाधन नपाउँदा समस्या भोग्दै आएका थिए । *रासस*

# कृषि विश्वविद्यालयले १० जना विदेशी विद्यार्थी भर्ना लिने

**चितवन–** यहाँको कृषि तथा वन विज्ञान विश्वविद्यालयले पहिलोपटक विदेशी विद्यार्थी भर्ना लिने भएको छ । पहिलो वर्ष चार वटा कार्यक्रममा १० जना विद्यार्थी भर्ना गर्न लागेको हो ।

विश्वविद्यालयका उपकुलपति प्रा.डा. ऋषिराम कट्टेलका अनुसार विश्वविद्यालयले स्नातक तहको कृषि संकायमा तीन, वन विज्ञानमा तीन, पशु चिकित्सामा तीन र मत्स्य विज्ञानमा एक जना विदेशी विद्यार्थी भर्ना गर्न लागेको हो । ‘ती विद्यार्थी भर्नाका लागि कार्यविधि बनाइँदै छ । पशु चिकित्सकाका विदेशी विद्यार्थीसँग १० हजार अमेरिकी डलर शुल्क लिने निर्णय गरिएको छ भने अन्य संकायकासँग चार हजार डलर लिइँदै छ,’ उनले भने ।

विश्वविद्यालयले अहिले खोल्न लागेको प्रवेश परीक्षामा भने विदेशी विद्यार्थी सहभागी हुनु नपर्ने जनाएको छ । भर्नाका लागि कस्ता विदेशी विद्यार्थी योग्य हुने भन्ने विषय कार्यविधिमा समावेश हुने उपकुलपति कट्टेलले बताए । यसअघि मुलुकमा अन्य विश्वविद्यालयले विदेशी विद्यार्थी भर्ना लिए पनि कृषि विश्वविद्यालयले पहिलोपटक भर्ना लिन लागेको हो ।

विश्वविद्यालयका योजना निर्देशक रामहरि तिमिल्सिनाले कुनै पनि विश्व विद्यालयलाई अन्तर्राष्ट्रियस्तरको स्तर निर्धारणका लागि तोकिने विभिन्न मापदण्डमध्ये विदेशी विद्यार्थी अध्यापन गराउने पनि एक मापदण्ड भएकाले विदेशी विद्यार्थी भर्ना गर्न लागिएको बताए ।

नेपालमा कृषि तथा वन विज्ञान विश्वविद्यालयले छोटो अवधिका अनुसन्धानका कार्यक्रम एवं विदेशी विद्यार्थीका लागि यहाँ कक्षा सञ्चालन गर्दै आए पनि उपाधि प्राप्त गर्ने गरी विद्यार्थी भर्ना गरी अध्ययन, अनुसन्धानको कार्यक्रम सञ्चालन गरेको थिएन । विश्वविद्यालयले स्नातक, स्नातकोत्तर, विद्यावारिधिको पठनपाठन गर्दै आएको छ । *रासस*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – २८५,५०० | प्रति तोला – ० | प्रति तोला – ४,३५० |



**मौरी पालन** | झापाको शिवसताक्षी नगरपालिका–९ मा 'आजग मौरी फार्म' दर्ता गरी ५० घार मौरीपालन व्यवसायबाट आम्दानी गर्दै आएकी उद्यमी जमुना सुवेदी भट्टराई । उनले मौरी चराउन मौसमानुसार चितवन, दाङलगायतका ठाउँहरूमा घार लैजाने गर्छिन् । *तस्बिर: सुदीप राउत/रासस*

# मोरङ र सुनसरीका विद्युत् वितरण प्रणालीको अनुगमन

■ प्रभाव संवाददाता

**काठमाडौं** – पूर्वी नेपालमा गुणस्तरीय, भरपर्दो र नियमित विद्युत् आपूर्ति सुनिश्चित गर्न नेपाल विद्युत् प्राधिकरणको उच्च नेतृत्वले मोरङ र सुनसरीका विद्युत् पूर्वाधार तथा वितरण प्रणालीको स्थलगत अनुगमन सुरु गरेको छ ।

विराटनगरसहित पूर्वी क्षेत्रमा पटकपटक विद्युत् अवरुद्ध हुने र भ्याप्पभ्याप्प बत्ती जाने समस्याका बारेमा जनगुनासो बढेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले तत्काल समस्या समाधानका लागि आवश्यक पहल गर्न प्राधिकरण नेतृत्वलाई निर्देशन दिएका थिए ।



सोही निर्देशनअनुसार प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायूकुमार श्रेष्ठ र वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुखसमेत रहनुभएका उपकार्यकारी निर्देशक राजन ढकालसहितको टोली अनुगमनका लागि पूर्वी क्षेत्रमा पुगेको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री श्रेष्ठको निजी सचिवालयले जानकारी दिएको हो ।

प्राधिकरणको उच्च नेतृत्वले प्रादेशिक कार्यालय प्रमुख तथा मोरङ र सुनसरीलगायत जिल्लाका वितरण शाखा प्रमुखहरूसँग विद्युत् आपूर्तिको वर्तमान अवस्था, समस्या र समाधानका उपायबारे छलफल गरेको छ । प्रादेशिक कार्यालयमा २४ जना कार्यालय तथा केन्द्र प्रमुखसँग भएको समन्वयात्मक बैठकमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिइएको प्राधिकरणले जनाएको छ ।

टोलीले ट्रान्सफर्मर मर्मत कार्यशालाको निरीक्षण गर्नुका साथै दुहबी ग्रिड महाशाखाअन्तर्गतको दुहबी सबस्टेसनको अवस्था अवलोकन गरी आवश्यक तयारीलाई तीव्र बनाउन निर्देशन दिएको छ ।

त्यसैगरी, सुनसरीको बर्जुस्थित १३२ केभी सबस्टेसन निर्माण तीन महिनाभित्र सम्पन्न गर्ने गरी कर्मचारी र निर्माण कम्पनीलाई स्पष्ट कार्यादेश दिइएको छ । मोरङको केरङस्थित सबस्टेसन पनि एक महिनाभित्र सम्पन्न गर्ने लक्ष्यसहित कार्यतालिका बनाएर निर्माण कार्य अघि बढाउन निर्देशन दिइएको प्राधिकरणले जनाएको छ ।

दुवै सबस्टेसन रणनीतिक रूपमा महत्वपूर्ण रहेकाले आवश्यक समन्वय, सहजीकरण गर्न कर्मचारीलाई निर्देशन दिइएको छ । साथै पर्याप्त मजदुर परिचालन गर्न ठेकेदार कम्पनीलाई समेत निर्देशन दिइएको मन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ ।

प्राधिकरणका अनुसार पूर्वी क्षेत्रमा सञ्चालित अन्य आयोजना, प्रादेशिक कार्यालय तथा वितरण शाखाको अनुगमनसमेत जारी छ । विद्युत् सेवालाई थप भरपर्दो, गुणस्तरीय र दिगो बनाउन कर्मचारीलाई आवश्यक समन्वय, सहजीकरण र जिम्मेवारीपूर्वक काम गर्न प्रोत्साहित गरिएको प्राधिकरणले जनाएको छ ।

# गुणस्तरहीन उत्पादन र बिक्री गर्ने ६२ उद्योगीविरूद्ध मुद्दा दायर

**जनकपुरधाम–** गुणस्तरहीन खाद्य पदार्थ उत्पादन तथा बिक्री गरेको आरोपमा मधेस प्रदेशका ६२ उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा सङ्कलन गरी परीक्षण गरिएका खाद्य नमुनामा कैफियत देखिएपछि सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम मुद्दा दायर गरिएको जनाएको छ ।

कार्यालय प्रमुख विमलकुमार दाहालका अनुसार बारा र पर्साका ५१, महोत्तरीका सात, सर्लाही र रौतहटका तीन तथा धनुषाका एक उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ । उनका अनुसार सप्तरी र सिरहाका तीन तथा धनुषाका दुई गरी थप पाँच उद्योगी-व्यवसायीविरुद्ध पनि खाद्य स्वच्छता कायम नगरेको तथा खाद्य पदार्थमा मिसावट गरेको आरोपमा मुद्दा दर्ता गर्ने प्रक्रिया अघि बढाइएको छ ।

अनुगमनका क्रममा संकलित नमुनाको परीक्षणबाट स्वास्थ्यका लागि हानिकारक मिसावट गरिएको, म्याद गुज्रिएका खाद्य वस्तु बिक्री गरिएको तथा गुणस्तर मापदण्ड उल्लंघन भएको पाइएपछि कानुनी कारबाही प्रक्रिया अघि बढाइएको प्रमुख दाहालले बताए ।

आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका जिल्लाबाट कानुनबमोजिम ५७८, उत्पादकको आग्रहमा एक हजार २२८, सरकारी निकायबाट प्राप्त २० सहित कुल चार हजार ५५९ खाद्य नमुना संकलन गरिएको थियो । तीमध्ये ३५ नमुनामा प्रतिकूल नतिजा देखिएको र १० नमुनामा कानुनी कारबाही प्रक्रिया अघि बढाइएको कार्यालयले जनाएको छ ।

सोही अवधिमा ५१० वटा ताजा फलफूल तथा तरकारीमा विषादी परीक्षण र ३१० वटा स्वच्छता सर्भिलेन्स गरिएको प्रमुख दाहालले जानकारी दिए ।

खाद्य स्वच्छता प्रवर्द्धनका लागि कार्यालयले धनुषामा ६० पटक अनुगमन गरी २५० होटल तथा रेष्टुरेन्टको निरीक्षण गरेको जनाएको छ । यस अवधिमा १२१ उद्योगलाई अनुज्ञापत्र जारी, ३०७ उद्योगको नवीकरण तथा ३४७ उद्योगका लागि सिफारिस गरिएको छ । नमुना परीक्षण, अनुज्ञापत्र जारी, नवीकरण तथा उद्योग सिफारिसलगायतका सेवाबाट रु ३८ लाख ३६ हजार १७० राजस्व सङ्कलन भएको प्रमुख दाहालले बताए ।

गत असारमा मात्र अनुगमन टोलीले धनुषाका ४४ होटल तथा रेष्टुरेन्टमा गरेको अनुगमनमा १२ वटामा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु चार लाख २० हजार जरिवाना गरिएको उनले जानकारी दिए ।

त्यसैगरी, सर्लाहीका २४ होटलमा गरिएको अनुगमनमा १७ वटामा कैफियत भेटिएपछि रु छ लाख ६७ हजार जरिवाना गरिएको थियो । कार्यालयका अनुसार अनुगमन तथा निरीक्षणका क्रममा म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा अन्य अखाद्य वस्तुहरू जफत गरी सम्बन्धित सरोकारवालाको रोहबरमा नष्ट गरिएको छ । *रासस*

# भुक्तानी प्रणालीसम्बन्धी निर्देशिका संशोधन

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकले भुक्तानी सेवा प्रदायक संस्थाहरूले 'वालेट' खोल्ने तथा प्रयोगकर्ताको विवरण अद्यावधिक गर्ने प्रक्रियामा राष्ट्रिय परिचयपत्रसम्बन्धी व्यवस्था समेट्दै भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशिका, २०८२ मा १५औं संशोधन गरेको छ ।

भुक्तानी प्रणाली विभागले शुक्रबार जारी गरेको परिपत्रअनुसार संशोधित व्यवस्थाबमोजिम अब भुक्तानी सेवा प्रदायकको अनुमतिप्राप्त संस्थाले नेपाली नागरिकका हकमा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखअनुसारको विवरणसमेत यकिन गरी वालेट खोल्नुपर्नेछ ।

त्यस्तै, अनुमतिप्राप्त संस्थाले २०८३ असोज मसान्तभित्र मोबाइल 'एप्लिकेसन' वा अन्य उपयुक्त माध्यमबाट वालेट प्रयोगकर्ताको राष्ट्रिय परिचयपत्रको विवरण भए वा नभएको स्वघोषणा लिनुपर्ने व्यवस्था गरिएको छ ।

निर्देशिकाअनुसार राष्ट्रिय परिचयपत्र लिएका नेपाली नागरिकले २०८३ असोज मसान्तभित्र आफ्नो वालेटमा राष्ट्रिय परिचयपत्र नम्बर अद्यावधिक गर्नुपर्नेछ । राष्ट्रिय परिचयपत्र नलिएका प्रयोगकर्तालाई भने परिचयपत्र लिएपछि विवरण अद्यावधिक गर्न प्रत्येक महिनासमेत जानकारी गराउने व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

विदेशमा बसोबास गर्ने नेपाली नागरिकले विदेशबाटै अनलाइनमार्फत आवश्यक कागजातका आधारमा विद्युतीय वालेट खोल्न सक्ने व्यवस्था यथावत् राखिएको छ । यस्ता प्रयोगकर्ताले नेपाल फर्किएको छ महिनाभित्र राष्ट्रिय परिचयपत्रको विवरण सम्बन्धित संस्थामा अद्यावधिक गर्नुपर्ने केन्द्रीय बैंकको भनाइ छ । यसैगरी, आफ्नो हेरचाह आफैं गर्न नसक्ने अशक्त तथा असहाय नागरिकका हकमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरबाहेक अन्य आवश्यक कागजातका आधारमा समेत वालेट खोल्न र कारोबार गर्न सकिने व्यवस्था संशोधित निर्देशिकामा गरिएको छ ।

## दश अर्ब राजस्व

**विराटनगर (प्रस)–** आन्तरिक राजस्व कार्यालय विराटनगरले आर्थिक वर्ष २०८२/८३ मा कुल रु १० अर्ब ३० करोड ५३ लाख ३६ हजार राजस्व संकलन गरी ८५ दशमलव १५ प्रतिशत प्रगति गरेको जनाएको छ ।

सो अवधिमा कार्यालयले रु १२ अर्ब १० करोड २८ लाख ८० हजार राजस्व संकलन गर्ने लक्ष्यमा रु एक अर्ब ७९ करोड ७५ लाख ४४ हजार राजस्व कम उठेको कार्यालय प्रमुख केशवप्रसाद उप्रेतीले जानकारी दिए ।

संकलित राजस्वमा आयकर रु चार अर्ब सात करोड २५ लाख ४१ हजार, बहाल आयकर रु आठ करोड आठ लाख ५५ हजार, ब्याज कर रु ३८ करोड १३ लाख एक हजार, मूल्यअभिवृद्धि कर रु दुई अर्ब ५६ करोड ८६ लाख ७५ हजार, अन्तःशुल्क रु तीन अर्ब १५ करोड १० लाख ४९ हजार, शिक्षा कर रु ८४ हजार र अन्य कर रु पाँच करोड आठ लाख ३२ हजार छन् ।

कार्यालयबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०८०/८१ मा रु नौ अर्ब ४४ करोड राजस्व संकलन गर्ने लक्ष्यमा रु आठ अर्ब ९३ करोड, आर्थिक वर्ष २०८१/८२ मा रु १० अर्ब ७२ करोड राजस्व संकलन गर्ने लक्ष्यमा रु नौ अर्ब ६१ करोड राजस्व संकलन गरेको थियो ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाइबाट औलो (मलेरिया), डेंगी, कालाजार जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।

त्यसैले, लामखुट्टेको टोकाइबाट बच्नः

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# बुद्ध एयरले थप्यो नयाँ प्रविधिको एटिआर विमान 'एटिआर-७२-६००'

**काठमाडौं (प्रस)–** बुद्ध एयरले एटिआर-७२-६०० विमान भित्र्याएको छ । कम्पनीले जारी गरेको विज्ञप्तिअनुसार आवश्यक प्रक्रिया पूरा गरी अर्को महिनादेखि उडान गरिनेछ ।



बुद्ध एयरले कल साइन ९ एन-एओएस विमान फ्रान्सको तुलुसबाट ल्याएको हो । यो एटिआर-७२-६०० विमानमा उडान प्रणाली (एभियोनिक्स) पूर्ण ग्लास ककपिट, आधुनिक नेभिगेशन प्रणाली, डिजिटल फ्लाइट म्यानेजमेन्ट र उन्नत सुरक्षा प्रणाली रहेको जनाइएको छ । यस सिरिजका विमान कम इन्धन खपत गर्नाले यो वातावरण मैत्री मानिन्छन् ।

बुद्ध एयरले आयात गरेको एटिआर-७२-६०० सिरिजको विमानमा आरएनपी-एआर एप्रोच प्रणाली जडान गरिएको छ । उक्त प्रणालीको सहयोगमा काठमाडौं र भैरहवा विमानस्थलमा करिब ९०० मिटर भिजिबिलिटीमा पनि विमानलाई सुरक्षित रूपमा अवतरण गराउन सकिन्छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा पनि आरएनपी-एआरमा आधारित उडान प्रक्रिया कार्यान्वयनका लागि अध्ययन गरिरहेको छ । यो प्रक्रिया लागू भएपछि करिब २००० मिटर भिजिबिलिटी रहेको अवस्थामा बुद्ध एयरको यस विमानले सुरक्षित उडान र अवतरण गर्न सम्भव हुने देखिएको छ ।

कम भिजिबिलिटीका कारण हुने उडान ढिलाइ र अवरोधहरू घट्नेछन् बुद्ध एयरको विश्वास छ । यसबाट उडान सुरक्षा कायम रहनुका साथै हवाई सेवाको गुणस्तर र विश्वसनीयता पनि बढ्नेछ ।

हाल 'इन्ट्रयुमेन्ट ल्याण्डिङ सिस्टम' (आइएलएस) प्रक्रियाअनुसार पोखराका लागि ३१०० मिटर तथा काठमाडौं र भैरहवाका लागि १६०० मिटर 'भिजिबिलिटी' आवश्यक पर्छ ।

बुद्ध एयरले आगामी अगष्टको अन्तिमतिर एक एटिआर-७२-६०० सिरिजको विमान ल्याउनेसमेत जानकारी दिएको छ । त्यसैगरी आगामी केही महिनाभित्र यस्तै, सिरिजका थप दुई विमान पनि ल्याउने भित्र्याउने योजनाअनुसार कार्य गरिरहेको छ । बुध्द एयरसँग हाल एउटा एटिआर-४२-३२०, १५ वटा एटिआर-७२-५०० र एउटा एटिआर-७२-६०० विमान छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ